# रामपुर नगरपालिकाको नगरसभा
# एघारौं अधिवेशनमा

## नगर प्रमुख श्री रमण बहादुर थापाद्वारा

प्रस्तुत

## आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

रामपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल।

नगरसभामा पेश भएको मितिः २०७९ असार १० गते
नगरसभाबाट पारित मितिः २०७९ असार १० गते

**नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु**

रामपुर नगरपालिका नेपाल सरकारले २०७१ वैशाख २५ गते घोषणा गरेको ७२ वटा नगरपालिका मध्येको एक विविध सम्भावना बोकेको र भौगोलिक हिसाबले ठूलो नगरपालिका पनि हो। साविकका गाँडाकोट, दर्छा, खालीवन, रामपुर र गेझा गा.वि.स. लाई समावेश गरि यस नगरपालिकामा १० वटा वडा रहेका छन् । विश्व प्रसिद्ध एक मात्र शालिग्राम पाइने पवित्र कृष्णागण्डकी (कालीगण्डकी) नदीको तटमा पूर्व साँखर्दी खोला देखि पश्चिम च्याङ्गलिङ्ग खोला सिद्धथान सम्म फैलिएको सुन्दर पहाडी उपत्याका हो। त्रेता युगका भगवान् पुरुषोत्तम् श्रीराम १४ वर्ष वनवासको क्रममा कालिगण्डकी बेशी र यस वरपर विचरण गरी बास बस्नु भएको विश्वास गरिन्छ। यसरी भगवान् श्री राम र सिताले पाईला टेकेको पावन भूमी भएकाले यसको नाम "रामपुर" नामाकरण भएको हो भन्ने भनाई छ। प्राचिन समय देखि गण्डकी प्रदेशका स्याङ्गजा, तनहुँ, गोर्खा, लम्जुङ्ग लगायतका विभिन्न जिल्लाहरुबाट समेत नुन, उन र सुनको व्यापार व्यवसायका लागि बुटवलसम्म आवतजावत गर्ने पैदल मार्गको रुपमा चिर परिचित यो उपत्याका प्राकृतिक सुन्दरता भौगोलिक विविधता, सद्भावयुक्त, सामाजिक, सांस्कृतिक, धार्मिक एकता साथै पवित्र कृष्णागण्डकी (कालिगण्डकी) तटीय उपत्याका भित्रको प्रचुर सम्भावनायुक्त एक व्यापारिक केन्द्र साथै औद्योगिक, शैक्षिक विकास लगायतका जीवनयापनका अनेक सम्भावना र अवसरको क्षेत्रको रुपमा विकसित भैरहेको छ ।

जिल्ला सदरमुकाम तानसेन देखि ६५ किलोमिटर पूर्वमा पर्ने यस रामपुर नगरपालिका राजधानी काठमाडौं देखि पक्कि सडक हुँदै करिब ३७५ कि.मी. को दुरीमा छ भने प्रसिद्ध केलादी घाटमा निर्माण भएको पक्की पुल सुचारु भएपछि रामपुर काठमाडौंको दुरी छोटिएर २५० कि.मी. दुरी भएको छ । यसको भौगोलिक अवस्थितिमा २७ डिग्री ३३ मिनेट देखि २७ डिग्री ५३ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ४६ मिनेट देखि ८३ डिग्री ५४ मिनेट पूर्वि देशान्तरमा रहेको छ । समुन्द्री सतहबाट ३५० मिटर देखि ११०० मिटर उचाईमा रहेको रामपुर नगरपालिकाले १२३.५ वर्ग कि.मि. क्षेत्र ओगटेको छ ।यसको उचाई उत्तरबाट दक्षिणतर्फ क्रमशः बढ्दै गएको छ। माछा आकार रहेको यस नगरपालिकाको पूर्व-पश्चिम लम्बाई २४.५ किलोमिटर रहेको छ भने उत्तर-दक्षिण चौडाई ८.५ किलोमिटर रहेको छ। यस नगरपालिकाको कुल परिधि ८६.२ कि.मि. रहेको छ। विं.स. २०७८ मा नगरपालिकाद्धारा गरिएको घरधुरी सर्वेक्षण (Household Survey) अनुसार यस नगरपालिकाको जनसंख्या करिब ४२ हजार भएता पनि विभिन्न पेशा तथा व्यवसाय गरी बसोवास गर्नेको संख्या समेत गर्दा ५० हजार भन्दा बढी रहेको अनुमान छ। पूर्वमा निस्दी गाउँपालिका, पश्चिममा रम्भा गाउँपालिका, उत्तरमा स्याङ्जाको चापाकोट

नगरपालिका, उत्तर पूर्वमा तनहुँको घिरिङ गाउँपालिका र दक्षिणमा निस्दी गाउँपालिका र पूर्वखोला गाउँपालिका रहेको छ।

यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने पृष्ठभूमिमा सभामा उपस्थित भइरहँदा सो को पूर्वशर्तका रुपमा रहेको यस रामपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पारित गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा उल्लेखित नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

यस अवसरमा सर्वप्रथम, मुलुकमा संघीय लोकतान्त्रिक गणन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका सशस्त्र संघर्ष र शान्तिपूर्ण जनआन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने आदरणीय अमर शहीद सूर्य प्रसाद घिमिरे, कालीगण्डकी उपत्याका विकासका अभियन्ता स्व. सन्त बहादुर श्रेष्ठ लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीद प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। संघर्षको दौरानमा घाईते भई हालसम्म कष्टपूर्ण अपाङ्गता जीवन भोगीरहनु भएका योद्धाहरु प्रति सु- स्वास्थ्यको कामना सहित हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

अहिले देश "सम्मुनत नेपाल, सम्मानीत नेपाली" को राष्ट्रिय आकांक्षाका साथ विकास उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा स्थायी शान्ति, स्थीरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

रामपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र राज्यको पुनरसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो चाहना समेत  नीति तथा कार्यक्रमा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ। यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्था आधारमा यस रामपुर नगरपालिकाको विषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समितिको सिफारिसका आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफलका लागि पेश गर्ने अनुमति चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा रहेको अवगत गराउन चाहन्छु। केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरि उपयुक्तताका आधारमा पेश गरिएको व्यहोरा समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु। नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको दोस्रो चरणको स्थानीय तह सदस्यको निर्वाचन पश्चात् रामपुर नगरपालिकाका तर्फबाट एघारौं नगर अधिवेशनमा नीति, तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु। नेपालको संघीय संरचना

अन्तर्गत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानिय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत बोध गराउने यो सुखद समयलाई स्मरण गर्न चाहन्छु।

- नेपाल संविधान जारी भएपछि दोस्रो पटक स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भएको छ। आफ्नो अमूल्य मतदान गर्नु हुने मतदाताहरु साथै निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नु हुने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियमा संलग्न राजनीतिक दल, संघसंस्था र आम नागरिक सबैप्रति आभार व्यक्त गर्दछु।
- दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि हामीले चालेका कदमसमेतको परिणाम स्वरुप यसको असर सामन्य हुँदै गएको छ। सङ्क्रमण नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सामाजिक तथा व्यावसायिक संघसंस्था लगायत सम्पूर्ण नागरिकलाई धन्यवाद दिन चाहान्छु। कोभिड १९ महामारीका कारण मृत्युवरण गर्नुभएका नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली साथै वहाँहरुका आफन्त तथा परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि मार्फत समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संवैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित यस नगरपालिकाले करिब ५वर्षे कार्यकाल पूरा गरिसेकको छ। यस अवधिमा आर्थिक, पूर्वाधार तथा सामाजिक विकास, वन वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सक्षम भएको छ। नगरका समग्र कार्य र क्रियाकलापलाई **"स्वच्छ सुन्दर र समुन्नत शहर, हाम्रो रामपुर नगर"** को दीर्घकालीन सोच र लक्ष्य प्राप्त गर्ने दिशामा केन्द्रित गरी यस नगरपालिका अगाडी बढिरहेको छ।
- नगरमा उपलब्ध जल, जमिन, जङ्गल, जनशक्ति लगायत अन्य स्रोत र साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नगरवासीको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन ल्याउने ध्येयका साथ यस नगरपालिकाले आफ्नो ध्यान केन्द्रित गरेको छ।
- दिगो विकासका लक्ष्यलाई नगरका योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी नगरका सम्भावना र सबल पक्षहरुको प्राथमिकीकरण र कुशलतापूर्वक उपयोग गर्दै समृद्ध र आत्मनिर्भर नगर निर्माण एवं आर्थिक सामाजिक रुपान्तरणका साझा लक्ष्य पूरा गर्न नगरपालिका प्रतिबद्ध रहेको छ।
- नेपाल सरकारको पन्ध्रौं योजना र प्रदेश सरकारको प्राथमिक आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्यसँग सामञ्जस्यता कायम हुने गरी नीति, कार्यक्रम र बजेट निर्माण गरिएको

छ। नगरको समग्र विकासलाई व्यवस्थित र प्रभावकारी रुपले अघि बढाउन सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

- डिजिटल नगरको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सूचना प्रविधिको उच्चतम उपयोग गर्दै सार्वजनिक सेवालाई सहज, सरल, सुलभ बनाउन अनलाईन र विद्युतीय माध्यममार्फत सेवा प्रदान गर्न सक्रियतापूर्वक कार्यसम्पादन प्रभावकारी बनाउदै लगिने छ।
- बढ्दो शहरीकरण र जनसंख्या बृद्धिका कारण साथै स्याङ्गजा, तनहुँ, नवलपुर लगायत जिल्लासंगको साँस्कृति, सामाजिक र आर्थिक सम्बन्धका कारण सिमा नाकाहरुमा हुन सक्ने असामाजिक र अपराधिक कार्यहरु, सवारी दुर्घटनाहरु, दैवि प्रकोपका घटनाहरुका कारण दिनानु दिन शान्ति सुरक्षामा थपिदै गइरहेको चुनौतीलाई ध्यानमा राखी नगरवासी साथै यस क्षेत्रको जनताको जनधनको सुरक्षा र अमन चयन कायम राख्न हालको ईलाका प्रहरी कार्यालय, रामपुरलाई स्तरोन्नती गरि दरबन्दी सहितको नायव प्रहरी उपरीक्षक (D.S.P) को नेतृत्वमा वडा प्रहरी कार्यालय व्यवस्थाका लागि पेश गरिएको प्रस्ताव माननीय गृहमन्त्री श्री बालकृष्ण खाँणज्यूको पहलमा यस नगरपालिकामा उक्त प्रस्तावलाई सम्बोधन गरिएको छ।
- एशियाली विकास बैंकको अनुदान सहयोगमा यसै बर्ष सन् २०२२ बाट सञ्चालन हुने 'strengthing System To Protect and Uplift Women Project' मार्फत लैगिंक हिंसा पिडित तथा प्रभावितहरुको लागि पुनर्स्थापना केन्द्र तथा नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माण गर्ने कार्यक्रमका लागि नेपालको ९ स्थानीय तह मध्ये रामपुर नगरपालिका छनौट भई अन्य प्रक्रिया अगाडि बढिरहेको व्यहोरा अवगत गराउन चाहान्छु। साथै मौलिकता सहितको नयाँ शहरको रुपमा समेत यस रामपुर नगरपालिका पर्न सफल भएको पनि जानकारी गराउन चाहान्छु।
- रामपुर नगरपालिकाको जनसंख्याको बढ्दो चाप भएसँगै पोखरा, लुम्बिनी, देवघाट तिन वटै ठाउँबाट करिब बराबरी दुरीमा रहेको रामपुर र छिमेकी जिल्लाहरु स्याङ्गजाको चापाकोट नगरपालिका, गल्याङ्ग नगरपालिका, तनहुँको घिरिङ्ग गाउँपालिका, नवलपुरको बौदीकाली गाउँपालिका, पाल्पाको निस्दि, पूर्वखोला, रम्भा र तानसेन नगरपालिकाका जनतालाई समेत प्रत्यक्ष फाईदा हुने र समग्र कालीगण्डकी क्षेत्रको विकास र समृद्धिमा थप अवसरहरु सिर्जना हुने गरि विमानस्थल निर्माणका लागि नागरिक उड्डयन प्राधिकरणले कालीगण्डकी उपत्यकाको सम्भावित स्थानहरुको अध्ययन प्रारम्भ गरेको छ।

तसर्थ कृषि, पर्यटन, व्यापार, जलस्रोत र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर उपत्याका स्रोत र साधनको सु-व्यवस्थित उपयोगले रामपुरबासीको सम्बृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो नगरसभा सफल हुने विश्वास लिएको छु।

अब म आगामी आ.व २०७९/८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शनका बारेमा जानकारी गराउँन चाहन्छु।

- नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्रथामिकताहरु।
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु।
- वडाहरुबाट आएका सुझाव तथा कार्यक्रमहरु।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथामिकता आधारहरु
- राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथामिकता तथा भौगोलिक तथा क्षेत्रागत सन्तुलनका आधारहरु।
- अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था।
- स्थानीय तहको वार्षिक योजना बजेट तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु।
- संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एंव निर्देशन तथा सुझाबहरु।
- पन्ध्रौ संघीय योजनाले निर्दिष्ट गरेका लक्षय एंव उद्देश्यहरु।
- जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका वचनबद्धताहरु।
- मानवीय समृद्धि तथा सुखी जीवनका निमित्त संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेका दीगो विकासका लक्षहरु।
- नगरपालिकाको आन्तरिक स्रोत र साधन तथा यसको सम्भाव्यता र चुनौतिहरु।

यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनक रुपमा रहने आगामी आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमको तर्जुमामा नगरपालिकाको प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, सञ्चार जगत्, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एंव रामपुर नगरबासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाई तथा दिदी-बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

आगामी आ.व. २०७९/८० को नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु,**

## १. पूर्वाधार विकास तर्फ

### क) सडक तथा पुल

१. नगरको समग्र विकास गर्न नगरका योजना, कार्यक्रम, र संरचनाहरु वालमैत्री, अपांगमैत्री जेष्ठ नागरिकमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाइनेछ।

२. नगरपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा नाली निर्माण गर्न प्रोत्साहित गरिनेछ र नाली निर्माण सम्पन्न सडकलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ। अन्य ग्रामिण सडकहरुमा पनि ग्राभेल गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३. प्रत्येक वडाले एक वडा गौरवको योजना तोकी प्राथमिकता साथ कार्य गराइनेछ।

४. अन्तरपालिकालाई जोड्ने सडकहरुको DPR तयार गरी सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै अन्तरपालिका साझेदारी कार्यक्रम अवलम्वन गरिनेछ।

५. जब्गादी-रातामाटा मोटरबाटोको स्तरोन्नति गर्नको लागि तयार भएको DPR को आधारमा प्रदेश सरकार र संघीय सरकारसँग बजेट माग गर्ने र स्थानीय तहबाट आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।

६. नगरसभामा समावेश नभएका वा अन्य आवश्यक योजनाहरुको कार्यान्वयनका लागी **"जनताको अपेक्षा मेयरको सुभेच्छा"** कार्यक्रममा समावेश गरि नगर प्रमुखको निर्णय अनुसार कार्यान्वयन गरिनेछ।

७. भौतिक पूर्वाधार तर्फ पाँच लाख भन्दा कम योजना तथा कार्यक्रम तर्फ ५०% भन्दा कम नहुने गरि रकम विनियोजन गर्ने । दिगो विकासका लागि नागरिक सहभागिता अभिवृद्धि गर्न प्रत्येक योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई अनिवार्य लागू गरिनेछ।

८. सडक बत्ती साझेदारी कार्यक्रम अन्तर्गत नगरपालिकालाई सधैं उज्यालो बनाउन सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सोलार प्रणाली विस्तारका लागि बैकल्पिक ऊर्जा केन्द्र तथा अन्य सरोकारवाला निकायको सहकार्यमा अगाडि बढाईनेछ।

९. नगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन कार्य थप व्यवस्थित, प्रभावकारी गरिनेछ । त्यसैगरी योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण तथा वडास्तरीय योजनामा सम्बन्धित वडा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिश वा नगरस्तरीय

अनुगमन समितिको सिफारिस वा दुवै प्रक्रिया विना भुक्तानी गरिने छैन। यसका लागि अनुगमन समितिलाई अझ सक्रिय बनाईनेछ।

१०. नगरपालिकाबाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागू गरिएको इ– विडिङ्ग (E-bidding) बाट खरिद गर्ने नीतिलाई अवलम्वन गरिनेछ।

११. नगर क्षेत्र भित्र तथा बाहिरका सडकलाई यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी यातायातको सुविधा पुऱ्याउन नगर यातायात गुरुयोजना (MTMP) अनुसार  सडक निर्माण तथा विस्तार गरिनेछ।

१२. निर्माण सामाग्री/निर्माण कार्य परीक्षण प्रयोगशाला स्थापना गरी घर निर्मन तथा  विकास निर्माण कार्यको प्रभावकारी गुणस्तर मूल्याङ्कन गरिनेछ।

१३. कालीगण्डकी उपत्यकाका सबै स्थानीय तह सँग सहकार्य गरी उपत्यकाको एकिकृत विकासमा हातेमालो गर्ने कार्यलाई अगाडि बढाईनेछ।

१४. रामपुर-५ सिमलघारीमा रहेको नगर बसपार्कलाई प्राथामिकतामा राखी व्यवस्थित गर्न बजेटको व्यवस्था मिलाईने छ साथै वसपार्कलाई नियम प्रक्रिया अपनाई ठेक्कामा लगाईने नीति अबलम्बन गरिनेछ।

१५. सडकमा चाप कम गर्न तथा नगरको यातायात तथा पर्यटन क्षेत्रमा योगदान गर्ने गरी कालीगण्डकी करिडोर निर्माण कार्यलाई विगतका आ.वहरुमा जस्तै आवश्यक सहयोग गरी निर्माण कार्यलाई सहयोग गरिनेछ।

१६. कालीगण्डकी कोरिडोर लगायतका सडकमा ट्राफिक पोस्ट, पैदल मार्ग, जेब्रा क्रसिंग यात्रु प्रतिक्षालय तथा यातायात विश्रामस्थल र सार्वजनिक शौचालय तथा खाजाघर निर्माणको योजना बनाइ रिफ्रेसमेन्ट केन्द्रका रुपमा विकास गरिनेछ।

१७. नगरपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेर चक्रपथको निर्माण  कार्यलाई अगाडि बढाईने छ।

१८. नगरपालिका भित्रका सबै वडा कार्यालयसम्म बाह्रै महिना निर्वाध रुपमा सडक सञ्चालन गर्न बजेटको व्यवस्था गरी कार्य अगाडि बढाईने छ र सबै मोटरेवल सडकलाई दुई लेनको बनाईनेछ। पहिले निर्माण भई संचालनमा रहेको ३ मिटर चौडाई भन्दा सागुरा सडकहरुमा हल्का सवारी साधनहरुलाई मात्र अनुमति दिइने छ।

१९. सडकको क्षेत्राधिकार भित्रका अनअधिकृत घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्वन गरिने छ। साथै Dedicated Line निर्माण गर्न आवश्यक व्यवस्था मिलाईने छ।

२०. सडकको दायाँ बायाँ हरियाली प्रवर्द्धन गरी हरित शहरको रुपमा विकास गरिने छ।

२१. नगरक्षेत्र भित्र सञ्चालनमा रहेका भाडाका सवारी साधनलाई व्यवस्थित गरी विद्युतीय सवारी साधन सञ्चालनमा जोड दिईनेछ।

२२. शहरलाई व्यवस्थित तथा अनुशासित बनाउनका लागि थप संख्यामा नगर प्रहरीको नियुक्ति र परिचालन गरी आवश्यक कार्य अगाडि बढाईने छ ।

२३. प्रत्येक वडाका सडक, खानेपानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरी कार्यान्वयन गरिनेछ।

२४. नगरपालिका भित्रका सबै वडामा एउटै प्रणालीको विद्युत उपलव्ध गराउन र पूर्ण रुपमा लोडसेडिङ्ग हटाउन पहल गरिने छ ।

२५. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, जैविक फोहोर मैला लाई रुपमा बाँयो ग्याँस उत्पादन गर्न प्रयोग गरिने छ।

२६. पुरानो बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडाई गर्ने, ढल तथा नालाको व्यवस्था गर्दै प्रयोगमा ल्याइने छ।

२७. नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजनावद्ध विकास गरिने छ।

२८. Land Pooling को माध्यमबाट व्यवस्थित बजार र वस्तीको विकास गर्ने नीति अवलम्वन गर्दै लगिने छ।

२९. नगरको सबै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणमा DPR निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिने छ। नगरभित्रका पूर्वाधार निर्माण गर्दा साना, मझौला र वृहत योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गर्ने नीति लिईने छ। साथै साना तथा मझौला योजनाहरु नगरपालिका आफै वा प्रदेश सरकार संगको समन्वयमा कार्यान्वयन गरिने र वृहत योजनहरु प्रदेश वा संघीय सरकारको सहयोग वा समन्वयमा कार्यान्वयन गर्ने नीति अगाडी बढाइने छ।

३०. सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजीँगत बजेटको वडागत योजनाका लागि कम्तिमा ५ प्रतिशत र नगरगत योजनाका लागि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गर्न कार्यको सुरुवात गरिनेछ ।

३१. नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित र सुरक्षित बनाईदै लगिने छ।

३२. सडकमा जथाभावी पार्किङ निषेध गरी व्यवस्थित पार्किङ गराईनेछ साथै ट्राफिक तथा सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३३. वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ।

३४. नगर क्षेत्र भित्रका बाटोहरुलाई नयाँ नापी गराई लगत कट्टा गरी सार्वजनिक गर्दै लगिने छ।

३५. भौतिक पूर्वाधार विकास तर्फका आयोजनामा विपद जोखिम न्यूनिकरण (DRR) पक्षलाई ध्यान दिइनेछ ।

३६. स्थानीय सडक, ग्रामीण सडक र कृषि सडकलाई स्तरोन्नती गरि कृषि उत्पादन वृद्धि र बजारीकरणमा सहजता बनाउन जोड दिइदै लगिने छ।

३७. नगर आसपासका क्षेत्रहरुको विकास गरि सेटलाईट सिटी/भिलेजको रुपमा विकास गर्न व्यवस्था मिलाउदै लगिने छ।

३८. लागत साझेदारी/सहभागितामा योजना कार्यान्वयन गर्ने विधिलाई प्राथमिकता दिईने छ।

३९. पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी (Public Private Partnership) नीति अनुशरण गरी लागू गरिने छ।

४०. कुनै आयोजना तथा कार्यक्रम दोहोरो पर्न गएमा नगर कार्यपालिकाको बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ।

४१. विकास निर्माणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समिति, टोल बिकाश सस्था र सरोकारवाला सबैलाई तालिमको व्यवस्था गरिनेछ।

४२. Gravity Flow खानेपानी योजनालाई प्राथमिकतामा राखीनेछ भने यस प्रकार सम्भव नहुने ठाउँमा भौगोलिक अवस्थाको प्राविधिक र आर्थिक मूल्याङ्कन गरि लिफ्टिङ्ग वा अन्य माध्यम बाट स्वस्थ खानेपानी उपलब्द गरिनेछ छ।

४३. आर्थिक वर्ष २०७८/७९ मा निर्माण तथा सञ्चालन हुने आयोजना तथा पूर्वाधार विकास सम्बन्धी कार्यमा वडाभित्रकै जनशक्ति एवं रोजगार विहिन श्रमिकहरुलाई प्राथामिकता दिई निर्माण सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ।

४४. विकास निर्माणमा सर्वोत्कृष्ट काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई उच्च कदर गर्दै सम्मान गरिनेछ।

४५. उत्कृष्ट प्रविधिको प्रयोग गर्न प्राविधिकहरुलाई Recent Technology को बारेमा सिपमूलक तालिम दिइनेछ।

४६. एक वडा एक रंगरोगन प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

४७. निस्दी खोला र भुलादी खोलाको तल्लो तटमा ड्याम बनाई ताल निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ।

४८. नयाँ ट्र्याक खोल्न भन्दा भईरहेको बाटोलाई स्तरउन्नती गरिने तर्फ जोड दिईनेछ।

४९. ठुला योजनाहरु रु. ५० लाख भन्दा माथिका योजनाहरुलाई IEE तथा EIA गरेर मात्र कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

५०. नगर भित्रका खोलानाला र कालीगण्डकीलाई प्रदुषणबाट जोगाउनका लागि ढल विनाको शहर अवधारणालाई निरन्तरता दिईनेछ।

५१. जटिल प्रकृतिका निर्माण योजनाहरु ( कल्वर्ट , पुल , पिच रोड ) आदि अनिबार्य रुपमा ठेक्का प्रक्रियाबाट अघि बढाइनेछ ।

५२. निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामाग्री ढुंगा गिट्टी ग्रावेल आदि उत्खनन गर्नुपरेमा निजि एबम अन्य त्यस्ता क्षेत्र को पहिचान गरि IEE / EIA गरि नगरपालिका बाट स्वीकृत लिएर संचालन मात्र उत्खनन गर्ने दिईनेछ ।

५३. पूर्वाधार एम्बुलेन्स स्थापना गरि सेवालाई चुस्त दुरुस्त रुपले सेवा प्रवाह गरिनेछ ।

५४. रामपुर नगरपालिका भवन परिसरमा DPR गरि सौन्दर्य पार्क निर्माण गरिनेछ।

५५. आवधिक योजना लाई अल्पकालीन, मध्यकालीन, दिर्घकालिन योजना बनाई कार्यान्यन गरिनेछ।

५६. रामघाट - राम मन्दिर - राम्चे बन - सिताकुण्ड सिधबाबा , तापुधाम आदिलाई कालिगण्डकी पैदल मार्ग देखि धार्मिक स्थलहरु जोड्ने प्रस्तावित मार्गलाई नगर गौरब को योजना अन्तर्गत राखिनेछ ।

५७. कालिगण्डकी नदि तथा आवस्यकता अनुसार व्यवस्थित शबदाहन ग्रीह निर्माण सम्पन्न गरिनेछ ।

५८. रियल स्टेट कम्पनिले आवश्यक पुर्बाधार (बाटो, खानेपानी, नाली, बिजुली ) निर्माण गरि मात्र बिक्रि वितरण गर्न दिईनेछ ।

५९. नगरपालिका भित्रका सरकारी जग्गा पहिचान गरि व्यवासायिक रुपमा प्रयोग गर्नका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

६०. पुर्बाधार निर्माणमा उत्कृष्टता दिनका लागि योजनाहरुबाट संकलन हुन आउने कन्टेन्जेन्सी कोषलाई कार्यविधि बनाई विकास योजना साथै कर्मचारीहरुलाई आवश्यक सामाग्री खरिद र प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

६१. **"हाम्रो रामपुर, राम्रो रामपुर, हाम्रो वडा, राम्रो वडा हाम्रो टोलको विकास जनताको अपेक्षित निकास"** भन्ने नाराका साथ जनतालाई विकास निर्माण प्रक्रियामा अधिकतम सहभागिता गराईने छ ।

६२. सडक निर्माणको छनोट गर्दा साहायक सडक भन्दा वडा कार्यालय वा नगरपालिका जाने मुख्य सडकमा प्राथमिकता दिइनेछ।

## ख) सिंचाई

६३. हाल सञ्चालनमा रहेका नहर तथा कुलोहरुको स्तरउन्नति गरिनेछ।

६४. सिंचाई सुविधाको लागि लिफ्टिंग लगायतका वैकल्पिक पद्धतिको समेत प्रयोग गरिनेछ ।

६५. पर्याप्त सिंचाईको सुविधाको आपूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ।

## ग) भवन तथा शहरी विकास

६६. २०७२ साल भन्दा अगाडि रामपुर नगरपालिकाको बजार क्षेत्र भित्र सागुरो गल्ली/बाटोमा बनेका घरहरुलाई पनि बाटो सार्वजनिक गरी नियमानुसार अभिलेखिकरण गर्दै लगिनेछ।

६७. नक्सा पास सम्बन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने व्यवस्थालाई कडाइका साथ अघि बढाइने छ ।

६८. भूमिगत रुपमा पार्किङको व्यवस्था गरी घर निर्माण गर्दा पार्किङ क्षेत्रको नक्सा पास दस्तुर पूर्णरुपमा छुट दिने नीतिको अवलम्वन गरिने छ ।

६९. नगरपालिकालाई खरको छाना रहित बनाउनको लागि यसै आ.व. भित्रमा सबै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिनेछ र उक्त कार्यका लागि जस्तापाता अनुदानको व्यवस्था मिलाईनेछ ।

७०. सार्वजनिक तथा निजी भवनहरुको निर्माण गर्दा प्रभावकारी रुपमा राष्ट्रिय भवन संहिताको पालनामा पूर्ण रुपमा कार्यान्यन गरिनेछ ।

७१. सार्वजनिक जग्गा अतिक्रमणको अभिलेखाङ्कन गरी त्यस्ता क्षेत्रहरुमा बनाइएका संरचना हटाउन वडालाई पूर्ण अधिकार सहित जिम्मेवारी दिईनेछ।

७२. घर नक्सा पासलाई प्रभावकारी तथा पारदर्शि बनाउन नगरपालिकाले कार्यविधी बनाई सञ्चालनमा ल्याइएकोमा त्यसैलाई निरन्तरता दिइनेछ।

७३. भवन निर्माण मापदण्ड लागू हुनु भन्दा अगाडि नै खोलिएका सडक/गल्लीहरुको दायाँ/बाँया बनेका भवन, घर, टहराहरुलाई पछि नगरपालिकाको बाटोको मापदण्ड बढाउने निर्णय गर्दा अवरोध नगर्ने सर्त राखी हाललाई गल्ली कायम गरी घर अभिलेखिकरण प्रमाण पत्र दिने नीति लागु गरिने छ।

७४. शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालना गरिनेछ , २.२ आना भन्दा कम जग्गामा बनेका घर तथा जग्गामा दोव्बर दस्तुर लिई घर बनेको प्रमाणीत गरिनेछ। तर नक्शापास गरिने छैन।घर नक्शा पास, अभिलेखीकरण र घर बनेको प्रमाणीत गरि ३ भागमा विभाजन गरिनेछ।

७५. घर नक्सा पास कार्यलाई विद्युतिय स्वीकृती (Electronic Permit System) तर्फ लैजान आवश्यक व्यवस्था मिलाईनेछ।

७६. रामपुर नगरपालिका भित्र उपयुक्त स्थानमा सामुदायिक सभागृह निर्माणको लागि प्रदेश/संघीय सरकार सँग आवश्यक पहल गरिनेछ।

७७. नगरपालिकाको भवनको आसपास सर्वसाधारणको निम्ती विश्रामास्थल, खानेपानी र निःशुल्क शौचालयको व्यवस्था मिलाइनेछ।

### घ) उर्जा, लघु तथा साना जलविद्युत

७८. सरोकार वाला निकायहरु सँग समनवय गरि Electric pole ल्याउन पहल गरिनेछ।

### ङ) सूचना, सञ्चार तथा प्रविधि

७९. आगामी आ.व मा नगरलाई Centralize System बनाइ वडाबाट नै राजश्व तथा मालपोत कर संकलनको लागि व्यवस्था मिलाईने छ।

८०. आगामी आ.व मा नगरपालिका कार्यालयमा तथा वडा कार्यालय परिषरमा Free WIFI zone को अवधारणलाई सरुवात गरिनेछ।

८१. सूचना प्रवाहलाई अझै चुस्त दुरुस्त बनाउन Digital Citizen Charter (डिजिटल नागरिक वडा पत्र) को व्यवस्था गरिने छ।

८२. सबै जनप्रतिनिध तथा कर्मचारीहरुलाई सूचना प्रविधि मैत्री बनाउनका लागि सूचना प्रविधि सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ।

८३. नगरका संवेदनशील क्षेत्रको सुरक्षाको लागि ईलाका प्रहरी कार्यालयको मोनिटरिङ रहेको बेझाड बजार क्षेत्रमा भएको CCTV Camera लाई मर्मत गर्ने गरि अन्य बजार क्षेत्रका चोक र महत्वपूर्ण स्थलहरुमा CCTV Camera जडान चालु आ.व बाटै सुरु गरिनेछ।

८४. आगामी आ.वमा घर नक्सा प्रणालीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले ई-घर नक्सा प्रणाली (E-Gharnaksha System) लागु गरिनेछ।

८५. सेवा प्रभाहलाई मध्यनगर गरि आगामी आ.व वाट लागुहुने गरि नगरपालिका कार्यालयमा हेल्प डेक्स बनाई फोटोकपी तथा टेलिफोन सेवा उपलब्ध गराइनेछ

८६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांनका लागि उचित कार्यान्वयमा जोड दिई नगरको उत्कृष्ट अंक ल्याउनमा जोड दिईने छ।

## २. सामाजिक विकास तर्फ

### क) शिक्षा तर्फ

८७. विद्यार्थीहरुले गुणस्तरिय शिक्षा प्राप्त गर्ने सुनिश्चित गर्न सामुदायिक विद्यालयका शिक्षकहरुलाई नियमित तालिम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीहरुको उत्पादन र बितरणमा जोड दिइनेछ।

८८. शिक्षण सिकाईमा प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्न विद्यालय नगरपालिका साझेदारी कार्यक्रम मार्फत शिक्षण सिकाइ प्रयोजनका लागि ल्यापटप खरिदमा ३० प्रतिशत अनुदान दिने व्यवस्था मिलाउन सकिनेछ ।

८९. बाल विवाह तथा आत्महत्या कम गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

९०. हरित विद्यालय बनाउन र कृषिप्रति सकारात्मक धारणा विकास गर्न विद्यालयहरुमा फुलबारी तथा करेसाबारी निर्माणमा बालक्लब मार्फत विद्यार्थीहरुलाई सक्रिय बनाइनेछ।

९१. **“एक वडा एक बालमैत्री कक्षाकोठा”** भन्ने नाराका साथ प्राथमिक विद्यालयका सम्बन्धित शिक्षकहरुलाई बालमैत्रि शिक्षण तालिम दिइनेछ। बालकक्षाहरुको स्तरोन्नती गरिनेछ।

९२. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला निर्माण गर्न सुरु गरिनेछ।

९३. महिनामा एक हप्ता विद्यालय अनुगमन गर्ने तथा स्थलगत अनुगमनका क्रममा देखिन आउने विद्यालय तथा शिक्षकका समस्यालाई पहिचान गरि बजेट व्यवस्था गरि वा विना बजेट ठोस समाधान गरिनेछ।

९४. कार्यसम्पादनका आधारमा विद्यालय,शिक्षक तथा कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरि पेशाप्रति प्रतिबद्द तथा गौरव गर्नेवातावरण सृजना गरिनेछ।

९५. कक्षा १-९ को नतिजा एक्सलको (IEMIS) प्रयोग गरि अक्षराङ्क पद्दतिबाट प्रकाशन गरिनेछ।

९६. शहीद बहुमुखी क्याम्पसलाई उच्च शिक्षाको शैक्षिक हवको रुपमा विकास गर्न तथा स्नातक तहमा विज्ञान संकाय संचालन गर्न आवश्यक पहल गरिनेछ।

९७. लोकसेवा आयोग, शिक्षक सेवा आयोग जस्ता परीक्षा तयारीका लागि अनलाइन माध्यमबाट निःशुल्क सेवा दिने व्यवस्था मिलाइनेछ।

९८. रामपुर नगरपालिकाका नमुना विद्यालयहरुलाई अन्य विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सहकार्य र अनुभव आदान-प्रदान गर्न समन्वय गरिनेछ।

९९. रामपुर नगरपालिकामा बाल पुस्तक सहितको व्यवस्थीत नमूना सार्वजनिक पुस्तकालयको विकास गरिनेछ ।

१००. प्राविधिक धार अध्ययन गर्ने, जेहेनदार, गरिब, अनाथ, अपाङ्गता भएका तथा सिमान्तकृत विद्यार्थीहरुलाई मेयर छात्रवृत्ति कार्यक्रममा प्राथमिकता दिईनेछ ।

१०१. विपन्न, दलित, सिमान्तकृत तथा अपाङ्गता भएका विद्यार्थीहरुलाई नगरपालिका भित्र स्नातक र स्नातकोत्तरतह सम्म अध्ययनको लागि निःशुल्क भर्नाको व्यवस्था गरिनेछ।

१०२. **"सबैको शिक्षक, सबैको विद्यार्थी, सबैको अभिभावक, सबैको विधार्थी"** भन्ने अभियानका साथ नगरपालिका भित्रका सबै अभिभावक शिक्षक र विधार्थी विचको आपसी सम्बन्धलाई सुदृढ बनाईनेछ।

१०३. शिक्षक तथा विद्यार्थीका लागी नगर स्तरीय शैक्षिक तथा बौद्दिक कार्यक्रम संचालन गरिनेछ।

१०४. विद्यालय व्यवस्थापन समितिको संजाल निर्माण गरी ३-३ महिनामा बैठक बस्ने व्यवस्था मिलाईनेछ।

१०५. वि.सं. २०७६ श्रावण पछि जन्म भएका/हुने सबै छोरीहरुलाई नगर भित्रको सामुदायीक विद्यालय तथा क्याम्पसमा स्नातक तह सम्म निःशुल्क शिक्षा उपलब्ध गराइनेछ ।

१०६. **बालबालिका सँग मेयर कार्यक्रम** मार्फत  एक विद्यार्थी १ गमला कार्यक्रम (हराभरा रामपुर) सञ्चालन गरिने छ।

१०७. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न स्वस्थ बालबालिका, रामपुर नगरपालिका सञ्चालन गरिने छ।

१०८. **"हाम्रा जनप्रतिनिधी, हाम्रा शिक्षक हाम्रा बाबुनानीको संरक्षक"** कार्यक्रम मार्फत छात्रवृत्ति वितरण, विद्यालयमा वडा अध्यक्ष अतिरिक्त क्रियाकलाप कार्यक्रम गरिने छ।

१०९. नगरपालिकालाई समग्र शैक्षिक विकासको माध्यमवाट शैक्षिक केन्द्र (Educational Hub)को रुपमा विकास गर्न विस्तृत गुरुयोजना निर्माण गरी समग्र शैक्षिक क्षेत्र सुधारको नीति लिईने छ।

११०. माध्यमिक तहसम्मको नगर शिक्षालाई वस्तुनिष्ठ र योजनावद्ध बनाउन सबै सरोकारवालालाई सहभागी बनाई नगर शिक्षा योजनाको निर्माण गरिने छ।

१११. नगरभित्र बोलिने विभिन्न मातृभाषाहरु र संस्कृत भाषालाई आवश्यकता अनुसार ऐच्छिक विषयको रुपमा शिक्षणको कार्य अगाडि वढाइने छ।

११२. नगरपालिका भित्र रहेका सबै शिक्षकलाई सुचना प्रविधिको प्रयोग गरी शिक्षण गर्न सक्ने बनाउन आवश्यक सुचना प्रविधि साक्षरता कार्यक्रमको व्यवस्था गरिनेछ।

११३. विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरिने छ। प्र.अ.ले पनि सबै शिक्षकसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाईने छ। यसबाट नतिजामुलक सिकाई, जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता बढ्न गई विद्यालयको समग्र क्रियाकलापमा गुणात्मक परिवर्तन आई सिकाई उपलब्धीमा समेत वृद्धि आउने छ।

११४. आधारभुत तहको परीक्षालाई मर्यादित, विश्वसनीय, विद्यार्थी मैत्री र प्रतिष्पर्धी बनाइने छ।

११५. आगमी आ.व. देखि नै सामुदायिक वालविकासमा कार्यरत सहयोगी कार्यकर्ताको र विद्यालयको कर्मचारीको न्यूनतम तलब रु.१५,०००/- प्रदान गरिने छ।

११६. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये उत्कृष्ट (मापदण्ड) पुगेका विद्यालयलाई नगर नमुना विद्यालय घोषणा गरी कम्तीमा तीन वर्षसम्म नगरपालिकाले तोकिएको रकम विनियोजन गरिनेछ।

११७. विद्यालयको निरीक्षण अनुगमनलाई प्रभावकारी वनाई शिक्षण सिकाइमा सुधार गर्न कक्षा अवलोकन गरी पृष्ठपोषण दिने कार्यलाई निरन्तरता दिइने छ।

११८. सामुदायिक तथा संस्थागत विद्यालयवाट SEE र आधारभुत तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिनेछ।

११९. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई विद्यार्थी संख्या वृद्धि गर्न उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनुका साथै आवश्यकता अनुसार समायोजन गर्ने नीति अवलम्वन गरिनेछ।

१२०. रामपुर नगरपालिका भित्र अध्ययन गर्ने विद्यार्थीहरुमध्ये उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई प्राविधिक तथा चिकित्सक शिक्षा पढ्न चाहेमा कूल शुल्कको २५% शुल्क खर्च नगरपालिकाले व्यहोर्ने व्यवस्था गरिनेछ।

१२१. यस नगरपालिका भित्र कार्यरत सरकारी तलब भत्ता तथा सेवा सुविधा लिने कर्मचारी तथा जनप्रतिनिधिको सन्ततीहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहित गरिनेछ ।

१२२. विद्यालय समयमा विद्यार्थीहरुको दुर्घटनाबाट जटिल किसिमको चोट पटक लागेमा उपचारका लागि आवश्यक सहयोग गरिनेछ।

१२३. कक्षा ५ सम्म नमूना संगीत शिक्षा गाउँदै नाच्दै पढ्दै कार्यक्रम लागू गरिनेछ।

१२४. मासिक रुपमा हुने प्रधानाध्यापकहरुको बैठकमा यातायात खर्चको समेत व्यवस्था गरिनेछ।

१२५. विद्यालय निराक्षणका आधारमा एक लाख सम्मको मर्मत सम्भार अनुदान उपलब्ध गराइनेछ।

१२६. विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि विद्युतीय फिल्टर व्यवस्था गरिनेछ।

१२७. नगरस्तरीय प्रतिभा पहिचान कार्यक्रम गरी पुरस्कृत गरिनेछ।

१२८. प्राविधिक धार संचालित विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा अनुदानको व्यवस्था गरिनेछ।

१२९. क्याम्पस तथा प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई स्कुल एम्बुलेन्सको व्यवस्था गरिनेछ।

### ख) स्वास्थ्य

१३०. नगरका सम्पूर्ण नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि एंव कोभिड-१९ बाट सुरक्षित राख्न खोप लागि आवश्यक पहल गरिनेछ।

१३१. सबै नगरवासीलाई कोभिड १९ चेकजाँच निरन्तरता, उपचारात्मक सेवा, कोभिड १९ विरुद्धको खोप सेवा व्यवस्थापन कार्य गरिनेछ। अत्यावश्यक औषधी तथा उपकरण अक्सिजन, कन्सनट्रिटर मेसिन व्यवस्था गरिनेछ। कार्यक्रमलाई थप प्रभावकारी बनाउन कोभिड १९ विरुद्ध खोप अभियान सञ्चालन व्यवस्थापन खर्च ,पालिका स्तरीय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य संस्था स्तरीय सुपरिवेक्षण गरिनेछ।

१३२. सवै स्वास्थ्य संस्थावाट राष्ट्रिय मापदण्ड बमोजिम आधारभूत स्वास्थ्य सेवाहरु निशूल्क उपलव्ध गराइनेछ।

१३३. पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं वार्षिक समिक्षालाई निरन्तरता गरिनेछ।

१३४. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा , न्यानो झोला र निःशूल्क गर्भपतन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३५. CB-IMNCI Onsite Coachingर समता तथा पहुँच कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३६. टाइफाइड खोपको अभियान संचालन गरी नियमित खोपमा टाइफाइड खोप शुरुवातको साथै नियमित खोप सुदृढीकरण र सरसफाई प्रवर्द्धनको लागि पालिका र वडा खोप समन्वय समिति र सरोकारवालाहरुको अभिमुखकिरण गरिनेछ।

१३७. पालिकास्तरमा खोप र सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा, सूक्ष्म योजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम पालिका स्तरमा, वडा खोप समन्वय समितिको अभिमुखीकरण स्वास्थ्य चौकीमा तथा पूर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण तथा भेरिफिकेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३८. उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु (आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाकोलागि औषधी खरिद, न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुदृढीकरण र आँखा नाक, कान, तथा मुख स्वास्थ्य सम्वन्धी अभिमुखिकरण तथा विद्यालय स्क्रीनिङ्ग कार्यक्रम कार्य संचालन निर्देशिकामा उल्लेख भए वमोजिम हुनेछ।

१३९. राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सामाजिक व्यवहार गर्ने कार्यक्रम संचालन गरिनेछ।

१४०. महिला स्वास्थ्य स्वयं सेविकाको क्षमता अभिवृद्धिको लागि रिफ्रेसर तालिमको व्यवस्था खाजा व्यवस्था, उत्कृष्ट महिला सामुदायिक स्वास्थय स्वयम सेविका सम्मान कार्यक्रम तथा अवलोकन भ्रमण गरिनेछ।

१४१. CB DOTS Programसञ्चालन गरी नगरपालिकालाई क्षयरोग मूक्त बनाउन क्षयरोग सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४२. स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औषधी एवं ल्याव सामाग्री ढुवानी, रेकडिङ्ग तथा रिपोटिङ्गका लागि फर्म फरमेट तथा छपाई ,फोटोकपी e-TBरजिष्टर अध्यावधिक गर्ने। विश्व क्षयरोग दिवस सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

१४३. क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय क्षयरोग खोज पड्ताल कार्यक्रम, घरपरिवारको सदस्यहरुको सम्पर्क परीक्षण, समुदायमा क्षयरोगका विरामीहरुको लागि क्षमता अभिवृद्धि तथा परिचालन गरिनेछ।

१४४. स्थलगत अनुशिक्षण गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि एवं तथ्याङ्कहरुको गुणस्तर सुनिश्चितपना, क्षयरोगका कार्यक्रमको अर्धवार्षिक समीक्षा तथा उपचार नतिजाको कोहर्ट विश्लेषण गरिनेछ ।

१४५. राष्ट्रिय महिला स्वास्थ्य स्वम् सेविका कार्यक्रम (पोशाक प्रोत्साहन, मासिक यातायत्त खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत उपलव्ध गराइनेछ।)

१४६. कोभिड १९ लगायत विभिन्न महामारी जन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवालासंगको अर्न्तक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन गरिनेछ।

१४७. पशपन्क्षी आदिवाट हुने इन्फ्लुजा, वर्ड फ्लू विभिन्न सरुवारोग सम्वन्धी रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम गरिनेछ ।

१४८. विभिन्न सरुवारोग, नसर्ने रोग जुनेटिक, मानसिक स्वास्थ्य सम्वन्धी अर्न्तक्रिया कार्यक्रम तथा दिवसहरु, (Hypertension, Diabetes,COPD, Cancer)दिवस आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, रेविज दिवस, अल्जाइमर दिवस, विश्व औलो दिवस) मनाइनेछ।

१४९. स्थानीय तहका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकी, शहरी सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीहरुको तलव, महङ्गी भत्ता, पोशाक लगायत प्रशासनिक खर्चको व्यवस्थापन गरिनेछ तथा कार्यदक्षताको लागि स्वास्थ्यकर्मीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । नागरिकको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरु गर्न स्वास्थ्य संस्थाहरु स्थापना गरी स्वास्थ्य प्रवर्द्धन, रोकथाम, उपचार सेवा, उपलव्ध गराइनेछ।

१५०. नियमित खोप सेवालाई थप प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ साथै नयाँ खोपको रुपमा आउने कार्यक्रमहरु थप गरी कार्य संचालन गरिने र भ्याक्सिन आपूर्ति र संचालन कार्यलाई व्यवस्थित गरि भ्याक्सिन स्टोर व्यवस्थापन गरिनेछ ।

१५१. स्वास्थ्य संस्थालाई बाल, किशोर/किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाइनेछ। सबै स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिमा वालवालिकाको सहभागिता बनाइनेछ ।

१५२. समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ।

१५३. सवै प्रकृतिका रोगहरुको नियन्त्रण, निवारण तथा उपचार र नसर्ने प्रकृतिका रोगहरुको नियन्त्रण, उपचारका कार्यक्रमहरु समुदाय स्तरसम्म विभिन्न कार्यक्रमहरु लगिनेछ साथै सडक दुर्घटना न्यूनिकरण तथा उपचारको व्यवस्था गरिनेछ।

१५४. यस वर्षबाट ZERO TB (शून्य क्षयरोग) को कार्यक्रमलाई निरन्तरता गरिनेछ। HIV positive लाई पोषण तथा सहज तरिकाले औषधीको व्यवस्था गरि व्यवस्था गरि जिवनशैलीमा थप सहजता गरिनेछ ।

१५५. Zero Home Deliveryकार्यक्रमको लागि स्वास्थ्य विमा कार्यक्रम र छोरी जन्म प्रोत्साहन भत्ता निरन्तरता दिइनेछ साथै अन्य स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा विस्तार गरिनेछ।

१५६. लागु पदार्थको नियन्त्रणतथा मदिराको प्रयोगलाई निरुत्साहित तथा सुर्तिजन्य पदार्थ बिक्रि वितरण र प्रयोगमा प्रभावकारी नियमन गरिने छ। यस्ता अखाद्य पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरि यी व्यवहारवाट सिर्जित स्वास्थ्य समस्याको उपचार तथा पुर्नस्थापनाको व्यवस्था मिलाईनेछ।

१५७. स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि तालिम तथा गोष्ठीको व्यवस्था मिलाईनेछ।

१५८. पूर्णखोप दिगोपनमा निरन्तरता दिइनेछ।

१५९. पोषणमैत्री स्वास्थ्य संस्था घोषणा सुनिश्चितता र दिगोपनलाई निरन्तरता दिइनेछ।

१६०. बालमैत्री नगरघोषणा कार्यक्रमलाई स्वास्थ्यका सुचांकवाट सफल तुल्याइनेछ।

१६१. जनघनत्व बढी हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालय निर्माण र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ।

१६२. नगरभित्रका प्रमुख पर्यटकीय स्थलहरु, धार्मिक स्थललाई स्वास्थ्य मैत्री तथा बातावरण मैत्री तथा प्लाष्टिक निषेधित बनाइनेछ।

१६३. नगरका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाह वितरणको विद्युतिय अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ। District Health Information System-2 DHIS 2 माध्यमवाट रिपोटिङ्ग गर्ने व्यवस्था गरिनेछ। उक्त कार्यको लागि आवश्यक पर्ने कम्प्यूटर, ल्यापटप, प्रोजेक्ट, इन्टरनेट तथा संचार सुविधा सवै संस्थाहरुमा उपलव्ध गरिनेछ।

१६४. म.स्वा.से तथा स्वास्थ्यकर्मीलाई समयानुकूल सुविधा थप र पुरुस्कृत गर्दै नमूना स्वास्थ्य संस्थाहरुमा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ र ६० वर्ष उमेर पुगेका म.स्वा.से लाई प्रोत्साहन सहित स-सम्मान विदाई गरिने तथा म.स्वा.से. लाई बैठकको खाजावापतको खर्च दिनईनेछ।

१६५. परिवार नियोजनका ५ वटै आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुवाट १२ महिना नै उपलव्ध हुने गरि सुनिश्चित गरिनेछ। उपलव्ध भएको संस्थामा निरन्तरता दिइनेछ। विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी वनाई प्राविधिक तालिम व्यवस्थापन निरन्तरता दिइनेछ।

१६६. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना र सञ्चालनको व्यवस्थापन आवश्यकता अनुसार थप गरिनेछ र सवै स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापना गरिनेछ। आवश्यकता अनुसार शहरी तथा आधारभूत स्वास्थ्य केन्द्रमा वर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ ।

१६७. स्वास्थ्य सेवामा गरिब सीमान्तकृत दलित, महिला, वालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अनाथ, दीर्घ रोगी र फरक क्षमता ( अपाङ्गता) भएकाहरुको स्वास्थ्यमा पहुँच बढाउन विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ।

१६८. स्वास्थ्य सेवामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धिका लागि पेशागत सुरक्षा- स्वास्थ्य विमा सुनिश्चिता गरिने र कार्य मूल्याङ्कनको आधारमा प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

१६९. निजी तथा गैह्र सरकारी क्षेत्रवाट संचालित निदान केन्द्र, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको कानुनी व्यवस्था गरी संचालन अनुमति, नविकरण, सहजिकरण र नियमनलाई निरन्तरता दिइनेछ।

१७०. आगामी आ.व. थप १ वटा एम्बुलेन्स सेवाको लागि बजेट विनियोजन गरिनेछ।एम्वुलेन्स व्यवस्थापन समिति गठन गरिनेछ ।

१७१. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच कायम गरिनेछ।

१७२. सवै नगरवासीलाई जी. पी. स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७३. पोषण पुनःस्थापना केन्द्र स्थापना गरि वालवालिकाको पोषण स्थितिमा सुधार ल्याइनेछ र उत्कृष्ट वालवालिकालाई पुरस्कृत गरिनेछ ।

१७४. जेष्ठ नागरिक ६८ वर्ष माथिकालाई घरमै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ।

१७५. ससर्त स्वास्थ्य कार्यक्रमलाई पूर्णता दिन स्थानिय तहवाट साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

१७६. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रमा भवन नभएको ठाँउमा मापदण्ड अनुसार भवन निर्माणको लागि केन्द्र, प्रदेश , स्थानीय साझेदारीमा व्यवस्थापन गरिनेछ ।

१७७. **मेयर सँग दिर्घरोगी ( सुगर, प्रेसर,दम, मुटु रोगी ) र ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम** सम्बन्धी औषधी खरिद गरि निशुल्क वितरण गरिनेछ ।

१७८. बालबालिकाको पोषण सुनिश्चितताका लागि **नगर उप प्रमुख सुत्केरी पोषण** कार्यक्रम अनतरगत बालबालिकाको पोषण सुधारका कार्यक्रम सँगै बालबालिकाका लागी पोषण लक्षित राहत प्याकेजको व्यवस्था गरिनेछ । **सुत्केरी पोषण स्याहार भत्ता रकममा रु ५,०० ।– अक्षरुपी पाँच सय रुपैंया** थप गरिनेछ।

१७९. स्त्री रोग तथा पाठेघर खस्ने महिलाको स्वास्थ्य समस्या समाधानको लागि आवश्यक स्वास्थ्य घुम्ती शिविरको व्यवस्था गरिनेछ।

१८०. शिक्षा, आयुर्वेद, महिला तथा बालबालिका, स्वास्थ्य कार्यक्रम गर्दा आन्तरिक समन्वय गरेर लैजाने वातावरण मिलाउने ।

१८१. नगरपालिकाका सवै सरकारी कार्यालयमा शिशु स्याहार एवं स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालयको व्यवस्था निरन्तरता दिइनेछ।

१८२. स्वास्थ्यका सवै कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१८३. नगरमा संचालनमा रहेका दमकल र एम्वुलेन्सका सेवा प्रभावकारी बनाइनेछ ।

१८४. नगर भित्रका दलित तथा विपन्न वर्गलाई गिरिजा प्रसाद कोइराला (G.P.) स्वास्थ्य विमा कार्यक्रम मार्फत विमालाई निरन्तरता दिइनेछ।

१८५. खानेपानी शुद्धीकरण र स्वास्थ्य संस्थामा युरोगार्ड जडान गरिनेछ।

१८६. विद्यालय शिक्षा कार्यक्रमसंग विद्यालय पोषण कार्यक्रम जुकाको औषधी आइरन लगायत विद्यालयसंग समन्वय गरि निरन्तरता दिइनेछ। वर्षको २ पटक स्वास्थ्य परीक्षण जस्मा आँखा, मुख, दन्त सेवा प्रदान गरिनेछ ।

१८७. नगरवासीको सर्वाङ्गीण स्वास्थ्य स्थिति व्यवस्थित गर्न र भैपरि आउने महामारी, दैविक प्रकोप व्यवस्थापन गर्न एक उच्च स्तरीय RRTटिम गठन गरी त्यस सम्वन्धी विशेष स्वास्थ्य इकाइ गठन गरिनेछ ।

१८८. नगरपालिका भित्र संचालित १६ वटै स्वास्थ्य सेवा केन्द्रहरुमा Concentrator Machine को व्यवस्था गरि उपचार गरिनेछ।

१८९. आगामी आ.व. बाट एम्बुलेन्स सेवा उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१९०. खुला स्थानमा जिम गर्न मिल्ने र बच्चालाई खेल्न मिल्ने पार्क तथा बिश्राम स्थलको निर्माण गरिनेछ

## ग) आयुर्वेद स्वास्थ्य सेवा

१९१. आयुर्वेद औषद्यालयबाट संचालन भई रहेका आयुर्वेद तथा वैकल्पिक आधारभुत स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

१९२. नगरपालिका भित्र संचालित सबै स्वास्थ्य संस्थाहरुमा ६ महिना भित्रमा सुत्केरी आमाहरुलाई दुग्धबर्धक सतावरी चुर्ण उपलब्ध गराईनेछ ।

१९३. आवश्यकता अनुसार नागरिक आरोग्य सेवा क्लिनिकको संचालन गरि आयुर्वेद सेवामा नागरिकको पहुँच बढाइने छ।

१९४. नमूना नागरिक आरोग्य गाउँ/टोलको सुरुवात गरिनेछ ।

१९५. निजी क्षेत्रबाट संचालित आयुर्वेद स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरि समन्वय गरिनेछ ।

१९६. निर्माणाधिन १५ शैयाको आयुर्वेद अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि निर्माण कार्य सम्पन्न भए पश्चात आयुर्वेद अस्पतालको सेवा संचालन गरिनेछ।

१९७. चूर्ण औषधी निर्माण गरी निःशुल्क वितरणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

१९८. स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा र रोगीहरुको उपचार गर्ने आयुर्वेदको मुल सिद्धान्त भएको हुँदा स्वास्थ्य जिवन शैली, योग, व्याम, पोषण युक्त सन्तुलित आहार विहारका लागि तालिम तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१९९. स्थानीय नागरिक आरोग्य कार्यक्रम मार्फत **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** कार्यक्रमलाई सार्थक बनाईनेछ ।

२००. आयुर्वेद अस्पतालबाट एम्वुलेन्स सेवा संचालनको व्यवस्था मिलाईनेछ ।

२०१. आयुर्वेद शिक्षा प्रोत्साहन गर्न नगर क्षेत्रभित्र आयुर्वेद जनशक्ति उत्पादनका लागि आयुर्वेद शिक्षामा आंशिक तथा पूर्ण छात्रवृत्तिको व्यवस्था मिलाईने छ।

२०२. नियमित आयुर्वेद शाखाको सहयोगमा संचालनमा रहेको रा.न.पा.- ७ किसानबारी स्थित योग हललाई थप व्वस्थापन गरि तालिम हलको रुपमा विकास गरिनेछ साथै प्रत्येक वडामा योग हलको निर्माणको व्यवस्था मिलाईनेछ ।

## (घ) खानेपानी तथा सरसफाई

२०३. शुद्ध खानेपानीमा पहुँच भएको जनसंख्या बृद्धिका लागि सह-लगानीका खानेपानी आयोजनामा नगरपालिकाको तर्फवाट सहभागिता जनाउने नीति अवलम्वन गरिनेछ।

२०४. नगरपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भैसकेको हुँदा यसलाई दिगो बनाउनका लागी नगरपालिका भित्र रहेका बजार क्षेत्रमा व्यवस्थीत सार्वजनिक शौचालयको व्यवस्था गरि सञ्चालनको व्यवस्था गरिनेछ ।

२०५. नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरु तथा कार्यालयहरुमा हरेक शुक्रवार कार्यालय परिसर सरसफाई गर्ने अभियानलाई निरन्तरता दिईनेछ साथै समय समयमा अनुगमन समितिद्धारा अनुगमन गरिनेछ ।

२०६. विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ ।

२०७. फोहोर व्यवस्थापन भविष्यमा जटिल बन्न सक्ने भएकाले सबै वडामा रहेका टोल विकास संस्था मार्फत **मेरो टोल म सफा गर्छु** कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । साथै उत्कृट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२०८. सुन्दर र हरियाली रामपुर बनाउन सडक छेउमा बृहत वृक्षारोपण कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

## (ङ) संस्कृति प्रवर्द्धन

२०९. नगरपालिका भित्रका सबै जातजाति, भाषा, धर्म, मौलिक संस्कृति र परम्पराको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

२१०. जाति र स्थान विशेषका धार्मिक तथा संस्कृतिको संरक्षण सम्वर्धन गर्नको लागि विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

२११. कला, संगीत र साहित्यको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइने छ ।

२१२. सबै प्रकारका मठमन्दिर, मस्जित, चर्च तथा गुम्वा लगायतका धार्मिक संरचनाहरु संरक्षण तथा संबर्द्धनका लागि भौतिक अवस्था पहिचान गरि आवश्यकताको आधारमा भवन निर्माण/मर्मत शिर्षकमा रकम विनियोजन गरिनेछ।

## च) युवा,खेलकुद तथा मनोरञ्जन

२१३. एक वडा एक खेलकुद मैदानको अवधारणालाई अगाडी बढाइनेछ ।

२१४. नगरको खेलकुद विकासलाई व्यवस्थित गरी युवा वर्गको सहभागिता वृद्धि एवं खेलाडिको उत्पादन गर्न नगर खेलकुद विकास समिती गठन गरी कार्य अगाडि बढाइएको छ । मेयर कप अन्तर वडा स्तरीय रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिदै राष्ट्रिय खेलहरु समावेश गरी नगर खेलकुद महोत्सव सम्पन्न गरिनेछ । फुटवल, भलिवल र क्रिकेट आदी खेलको लागी प्रशिक्षणको समेत व्यवस्था मिलाईनेछ ।

२१५. विभिन्न खेलकुदहरुमा सहभागी भै छानिएका खेलाडीहरुवाट नगरपालिका स्तरीय टिम वनाई अन्तर जिल्ला एवं अन्तरपालिका स्तरीय खेलकुदमा सहभागी गराइनेछ ।

२१६. समुदायको लगानीमा निर्माण हुने खेलकुद पुर्वाधारहरुमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

२१७. प्रदेश स्तरको अन्य खेलमैदान निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि सम्वन्धित निकाय सँग पहल गरिनेछ ।

२१८. वडा र नगरस्तरमा युवा समिति गठन गरी नमुना युवा संसद सञ्चालन गरी शुरुदेखि नै युवाहरुलाई सरकारका अंगहरुको अभ्यास गराई युवाहरुलाई सामाजिक कार्यमा समर्पित गराइनेछ ।

२१९. खेलाडीहरुको प्रोत्साहनको लागि विभिन्न विद्यामा खेल्ने उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गरिनेछ।

२२०. नगरस्तरीय खेलकुद समिति गठन गरी खेल क्षेत्रलाई वढवा दिइनेछ।

## छ) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

२२१. नगर प्रमुखको सिट –व्यापारिको हित भन्ने नाराका साथ निर्वाहमूखी व्यवसायलाई व्यवसायीमूखी बनाउनका लागि तीन फरक कार्यक्रमको व्यवस्था अन्तरगत रामपुर नगरपालिका मार्फत्,

क) व्यापारीको अस्तीत्व जोगाउने रणनीती

ख) व्यापारीक संस्कार र संस्कृति

ग) ग्राहक आत्म सन्तुष्टी सँगै सिप तथा उत्पादक्त्व र बजारीकरणका लागि आवश्यक कार्यक्रम तय गरी रकम विनियोजन गरिनेछ ।

२२२. **"उप– प्रमुखको कोसेली– सिपबाट हुनेछ दिगो आर्थिक आम्दानी"** भन्ने नारालाई आत्मसाथ गर्दै **उपप्रमुख ग्रामिण महिला उत्थान कार्यक्रम** शिर्षक अन्तरगत महिलाहरुका लागि न्यूनतम सशक्तिकरणका आयामहरु (लैगिंक समता, प्रजनन स्वास्थ्यता, जीवनोपयोगी शिक्षा, पुगीसरी सम्पन्नता र संस्थागत सहभागीता) लाई पुरा गर्नका लागी क्षमता विकास, सिप तथा व्यवसायीकता विकासका तालिमहरु सँगै व्यवसाय सञ्चालनका लागी महिलाहरुको माग तथा आवश्यकताको आधारमा व्यवसायीक उपकरणहरुको व्यवस्था गरिनुका साथै बिउ पुँजी / व्यवसायीक लगानी समेत उपलब्ध गराईनेछ ।

२२३. लैगिंक समानता तथा सामाजिक समावेसीकरण, आर्थिक सशक्तिकरणसँगै जिविकोपार्जन सुधारका गर्ने उद्धेश्यका साथ आदिबासी /जनजाती, दलित, मुस्लिम, दरै, बोटे, कुमाल, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत समूदायका व्यक्तिहरुलाई **जिविकोपार्जन सुधार कार्यक्रम** शिर्षकमा रकम विनियोजन गरी विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।

२२४. रामपुर नगरपालिकालाई २०८१ सम्ममा **बालमैत्री नगर घोषणा** गरिनुका साथै बालश्रम मुक्त तथा सडक बालबालिका मुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२२५. **बालबालिका संग मेयर कार्यक्रम**लाई थप परिमार्जित गरि निरन्तरता दिईनेछ ।

२२६. नगर कार्यपालिका मातहतका सबै सरकारी कार्यालयहरुमा सुविधा सम्पन्न स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

२२७. किशोर किशोरीलाई लक्षित गरी प्रजनन स्वास्थ्य, बालविवाह, बहुविवाह, साईबर क्राईम, कानुनी सचेतना तथा सबै प्रकारका हिंसा तथा यौन दुर्व्यवहार न्यूनीकरण साथै विद्यालयका बालबालिकाका लागि असल आचरण र आत्मरक्षा सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन तथा पुनरावलोकन गरिनेछ ।

२२८. मौलिकता जोगाउदै नेतृत्व हामीमा आधुनिकतामा महिनावारी अभियान प्राथमिकतामा भन्ने भनाईलाई आत्मसाथ गर्दै रामपुर नगर कार्यपालिका मातहतका सबै सरकारी कार्यालयमा सेवा लिन आउने महिला सेवाग्राही, महिला जनप्रतिनीधी, महिला कर्मचारी तथा विद्यालयका किशोरीहरुको आपत्कालीन आवश्यकतालाई मध्यनजर गर्दै रामपुर नगर कार्यपालिका मातहतका सबै सरकारी कार्यालय र विद्यालयहरुमा गुणस्तरीय सेनेटरी प्याडको व्यवस्था गरिनेछ । साथै रजस्वलाका बखत महिला कर्मचारीका लागि महिनामा १ दिन र गर्भवती महिला कर्मचारीहरुको गर्भावस्था जाँचका लागि गर्भावधी भरी चार दिन विषेश विदा दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

२२९. ज्येष्ठ नागरिकहरुका लागी रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा स्थापीत ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र यही आर्थिक बर्ष बाट संचालनमा ल्याईनेछ । साथै नगरपालिकाको प्रत्येक वडामा ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रलाई बिस्तार गर्दै लगिनेछ।

२३०. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा **ज्येष्ठ नागरिक सँग सँगै युवा** कार्यक्रम शिर्षकमा बजेट विनियोजन गरी बद्लीदो परिवेशका कारण युवा तथा किशोर किशोरि र ज्येष्ठ नागरिक बीच कालान्तरमा हुन सक्ने विकराल अवस्थालाई मध्यनजर गर्दै दुई बीच सामंजस्यता कायम गरि अन्तरपुस्ता सिप हस्तान्तरण, ज्येष्ठ नागरिक असल अभ्यास, असल छोरा बुहारी सम्मान, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, ज्येष्ठ नागरिक तिर्थ यात्रा, ज्येष्ठ नागरिक सम्पर्क मञ्च स्थापना तथा परिचालन जस्ता कार्यक्रमहरुलाई सञ्चालन गरिनेछ साथै ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यद्धारा प्रदत्त सार्वजनिक यातायात र औषधि उपचारमा विशेष छुट र सौलियतको कार्यान्वयनका लागि विषेश पहल गरिनेछ ।

२३१. **रामपुर नगरको दायित्व हिंसा रहित समाज हुनेछ स्थायीत्व** भन्ने नारालाई आत्मसात गर्दै ज्येष्ठ नागरिकहरुको लागि समाजकल्याण कोषको स्थापना तथा बालबालिकाहरुको लागि आपत्कालीन बालउद्धार कोष र हिंसा पिडितको लागि लैङ्गीक हिंसा निवारण कोषलाई निरन्तरता दिई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२३२. सबै वर्गका (रातो, निलो, पहेंलो र सेतो परिचय पत्र प्राप्त गरेका) अपाङ्गता भएका व्यक्तिहरुका लागि सिपमूलक तालिम तथा संरक्षण, संवर्द्धनका लागि आवश्यक सहायक सामाग्री/राहत प्याकेजको व्यवस्था गरिनुका साथै अन्य विषेश कार्यक्रमको व्यवस्था गरिनेछ ।

२३३. सबै प्रकारका अपाङ्गता परिचय पत्र तथा ज्येष्ठ नागरिक परिचय पत्र **डिजिटल प्राणीली**बाट वितरण गरिनेछ ।

२३४. **"उपमेयरको चिनारी मेरो नगर मेरो जिम्मेवारी"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३५. सार्वजनिक सेवा प्रवाहमा लक्षित वर्गहरुको समेत अर्थपूर्ण सहभागीता सुश्चित गर्नका लागि लोकसेवा तयारी कक्षा शिक्षक सेवा तयारी लगायतका कक्षाहरु अनलाईन माध्यामबाट सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

२३६. स्थानीय तह, प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा सञ्चालन गर्ने गरी अपाङ्गता ग्राम स्थापनाका लागि रकम विनियोजन गरिनेछ ।

२३७. नगर तथा वडा स्तरमा अपाङ्गता/अशक्त भएका बालबलिका, ज्येष्ठ नागरिक, एकल महिला तथा हिंसा पिडितहरुको गुनासो व्यवस्थापनका लागि **उपप्रमुख भेटघाट भलाकुसारी** कार्यक्रम सञ्चालन गरिनेछ ।

२३८. बुड्यौलीरोग अल्जाइमर तथा विर्सने रोग आदिबाट प्रभावित ज्येष्ठ नागरिकको लागि औषधि उपचारको व्यवस्था गरिनेछ ।

२३९. दैनिक ज्याला मजदुरी गर्ने महिलाहरु, ६८ बर्ष उमेर पुरा गरेका ज्येष्ठ नागरिक तथा "क" वर्गको अपाङ्गता परिचय पत्र प्राप्त व्यक्तिको बार्षिक रुपमा निशुल्क स्वास्थ्य परिक्षण गरिनेछ । साथै असहाय अवस्थामा रहेका एकल महिलालाई सिप क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जिविकोपार्जनका लागि समुचीत व्यवस्था गरिनेछ ।

२४०. अति विपन्न अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२४१. नगरपालिका भित्र कामदारको रुपमा काम गर्ने श्रमिकहरुलाई पूर्वि पाल्पा मजदुर व्यवस्थापन समितिसँग समन्वय गरी मजदुरहरुको दुर्घटना विमा गरिनेछ । साथै मजदुर गृह निर्माण गरि मजदुरहरुको सेवालाई चूस्त दुरुस्त गर्दै लगिनेछ ।

२४२. नगरपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गर्दै आएका महिला उद्यमीहरुको व्यवसाय प्रबर्द्धन, संरक्षण सँगै दिगोपना र निरन्तरता कायम गर्ने उद्येश्यका साथ **उप प्रमुख सँग महिला उद्यमी कार्यक्रम मार्फत सम्पर्क मञ्च** स्थापना गरी महिला उद्यमीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२४३. विविध कारणले गर्दा नागरिकता प्राप्तबाट वञ्चित असाहय जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई अर्को व्यवस्था नहुँदा सम्म मासिक रु. १५००/- दरले भत्ताको व्यवस्था मिलाइने छ।

## (ज) न्यायिक समिति तर्फ

२४४. नागरिकहरुलाई न्यायमा पहुँच, कानुनमा सवल र कर्तव्यमा अब्बल बनाउनका लागि नगर तथा वडा स्तरमा न्यायिक समिति सँग प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२४५. नगर तथा वडा स्तरका मेलमिलाप केन्द्रहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि केन्द्रको थप व्यवस्थापन गरिनुका साथै न्यायिक समिति र मेलमिलापकर्ताहरुको पुनर्ताजगि तालिमलाई निरन्तरता दिई समय समयमा मेलमिलापकेन्द्रको अनुगमन तथा पुनरावलोकन गरिनेछ ।

२४६. न्यायिक कार्य सञ्चालन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनका लागी न्यायिक समितिको कार्य सञ्चालनका क्रममा न्यायिक समिति तथा सचिवालयको कर्मचारीलाई आवश्यक पर्ने सुरक्षा, सञ्चार तथा दैनिक खाजाको व्यवस्था गरिनेछ ।

## ३. आर्थिक विकास तर्फ

### क) कृषि तथा पशुपन्क्षी

२४७. कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरि उत्थान्शील अर्थतन्त्रको प्रमुख आधारको रुपमा बिकास गरिनेछ। कृषि उपजको मूल्य शृंखलाबाट उत्पादक किसान लाभान्वित हुने व्यवस्था गरिनेछ। कृषि उत्पादनको विविधिकरण एवं विशिष्टीकरण मार्फत उत्पादकत्व बृद्दि गरि नागरिकको खाध एवं पोषण अधिकार सुनिश्चित गरिनेछ । कृषि योग्य जमिनको चक्लाबन्दी गरि कबुलियती र करार खेती गर्न प्रोत्साहन गरिनेछ।

२४८. कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिको लागि खाद्यान्न बिउबिजन (धान,गहु र मकै) ५०% अनुदानमा उपलब्ध गराइनेछ। साथै नगरलाई खाद्यान्नको बिउ बिजनमा आत्मनिर्भर गराउन खाद्यान्न बिजवृद्धि कार्यक्रम संचालन गरिनेछ।

२४९. व्यवसायिक रुपमा तरकारी ,फलफुल तथा पुष्प खेती गर्ने कृषकहरुलाई बिउ, विरुवा लगायत अन्य उत्पादन सामाग्री अनुदानमा उपलब्ध गराइनेछ।

२५०. रामपुर नगरपालिकामा उत्पादन हुने आलु, आलु बिउ तथा तरकारी जन्य उपजलाई भण्डारण गर्ने र बेमौसममा बिक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ।

२५१. कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणको लागि कृषि प्रविधिहरु जस्तै साना कृषि औजार तथा उपकरण,प्लास्टिक टनेल, मलचिंग, नेट हाउस आदि जस्ता सामाग्री अनुदानमा उपलब्ध गराइनेछ।

२५२. साना सिचाई कार्यक्रम जस्तै प्लास्टिक पोखरी निर्माण, थोपा सिचाई,स्प्रिङकर आदि जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५३. रामपुर नगरपालिकालाई अण्डा, मासु, दुध र तरकारीमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिनेछ ।

२५४. कृषि व्यवसायमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ । वातावरण मैत्री जैविक तथा वनस्पतिक विषादीको प्रयोगमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

२५५. आलु खेतीको उत्पादन वृद्धि गरि बजारीकरणमा जोड दिइनेछ।

२५६. एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कृषि तथा पशु सेवाका प्राविधिकहरुलाई गोठ तथा फर्ममा पुगी आवश्यक कृषि तथा पशुपंक्षी सम्बन्धि सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२५७. बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि तथा पशुपालन व्यवसाय संचालनमा प्रोत्साहन गरिनेछ ।

२५८. युवा स्वरोजगार कार्यक्रम मार्फत ब्याज अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५९. युवा स्वरोजगार कार्यक्रमलाई थप प्रोत्साहन गर्नको लागि २० लाखको व्याज अनुदानलाई बढाएर ३० लाख सम्म पुऱ्याइनेछ।

२६०. कृषि तथा पशुपन्छी विमा र नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।

२६१. खुल्ला तथा अनियन्त्रित रुपमा छाडिएका चौपायाको व्यवस्थापन गर्ने नीति अनुरुप गौशालालाई निरन्तरता दिइनेछ ।

२६२. नगरपालिकाका हरेक वडाहरुमा कम्तिमा १ वटा कृषि सहकारी वा अन्य सहकारी मार्फत रासायनिक मल बिक्रि वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

२६३. कृषक समूह तथा कृषि सहकारीहरुको खेत बारीमै गएर प्रयोगात्मक अभ्यास सहितको तालिम संचालनको व्यवस्था गरिनेछ ।

२६४. सीप विकास, क्षमता अभिवृद्धि तथा व्यवसाय प्रवर्धनका लागि सहकार्य गर्ने संघ संस्थाहरुसंगको कार्यक्रम समन्वयात्मक ढंगबाट कार्यक्रम अगाडी बढाइनेछ।

२६५. बादरको समस्या रहेको क्षेत्रमा अदुवा/बेसार, कागती तथा अन्य नगदेबालीलाई प्रोत्साहन गरिनेछ ।साथै अदुवा/बेसारको पकेट क्षेत्र गराई विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

२६६. किसान सूचीकरण कार्यक्रम मार्फत रामपुर नगरपालिकाका सम्पुर्ण कृषकहरुको तथ्यांक संकलन गरिनेछ र सोहि अनुसार किसानको बर्गिकरण गरिनेछ ।

२६७. कृषि उपजहरुको बजारीकरणको लागि कृषि सहकारीहरुलाई परिचालन गरिनेछ ।तरकारी,दुध जस्ता कृषि उपजहरुको बजारीकरणको लागि ढुवानी साधन खरिद वा चिस्यान केन्द्र निर्माण वा कृषि उपजको विविधिकरणमा आवश्यक पर्ने सामाग्रीमा अनुदानको व्यवस्था गरिनेछ ।

२६८. हाइटेक पोलिहाउसमा तरकारी खेती प्रदर्शन तथा तालिम कक्षको रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६९. कृषि उपजहरुको बजारीकरणको लागि कृषि मेला/महोत्सव आयोजना गरिनेछ ।

२७०. कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन दर वृद्धि गरिनेछ। सिंचित क्षेत्रफल बिस्तारका कार्यक्रम संचालनमा ल्याईनेछ ।

२७१. बिपन्न परिवारका सदस्यलाई कृषि तथा पशुपन्छीपालनमा पूर्ण अनुदानमा कृषि सामग्री तथा प्रविधि पूर्ण अनुदानमा उपलब्ध गराइनेछ।

२७२. पशु स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै पशु स्वास्थ्य शिविर तथा भ्याक्सिनेसन जस्ता कार्यलाई निरन्तरता दिईनेछ।

२७३. दुग्धजन्य, मासुजन्य वा अन्य व्यवसायिक कृषि उत्पादन गर्ने कृषकलाई उत्पादनको आधारमा अनुदान दिइने व्यवस्था मिलाईने छ ।

२७४. पशु सुत्केरी पोषण खर्च वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७५. व्यवसायिक कृषि तथा पशुपन्छी फर्म बिस्तार वा सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

२७६. पशुजन्य उत्पादनको लागत कम गर्न हिउदे, बहुबर्षे र डाले घाँस खेति कार्यक्रमलाई बिस्तार गरिनेछ ।

२७७. लिची, आँप, ड्रागन फ्रुट लगायत अन्य फलफुल खेति कार्यक्रमलाई महत्वका साथ लागु गरिनेछ ।

२७८. मागको आधारमा कृषकहरुलाई कृषि तथा पशुपालनमा आवस्यक उत्पादन देखि बजारीकरण वा भण्डारण सम्बन्धि कृषि सामग्री अनुदानमा उपलब्ध गराइनेछ ।

## ख) पर्यटन

२७९. संस्कृति र समुदायमा आधारित होमस्टे सञ्चालन तथा प्रर्वद्धनका लागि क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तारजस्ता कार्य सञ्चालन गर्न सहुलियत ऋणको व्यवस्था गरिनेछ ।

२८०. आन्तरिक एवं वाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, मनोरञ्जन पार्कको निर्माण ज्ञान पार्क, रिसोर्ट आदिको व्यवस्थापन गरिने छ ।

२८१. वडा नं ७ को बाहुनडाँडामा प्याराग्लाईडिङ्ग तथा कालीगण्डकीनदीमा र्‍याफ्टिङ साथै क्यानोइङ, साईक्लिङ, जस्ता साहसिक पर्यटनलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२८२. वडा नं ३ को पवित्र धार्मिक क्षेत्र सिताकुण्डसम्म वडा नं ५ को बेझाड देखि राम्चे वन हुँदै पदमार्ग निर्माण कार्यक्रमलाइ निरन्तरता गरिनेछ ।

२८३. निर्मित ऐतिहासिक पाटी ,पौवा, मठ, मन्दिर ,मस्जिद ,चर्च ,गुम्बा र झोलुङ्गे पुल लगायतलाई संरक्षण र संवर्द्धन गरिनेछ ।

२८४. नगरपालिका भित्र रहेका धार्मिक पर्यटकीय ठाँउहरु जस्तै वडा नं ३ सिताकुण्ड, वडा नं ६ तालपोखरा र गौशला, वडा नं.८ सिद्दथान भुजात, लगायत अन्य धार्मिक एवं पर्यटकीय स्थलहरुलाई प्रवर्द्धन गर्न नगरपालिकाले आवश्यक पहल गर्नेछ।

२८५. पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ ।

२८६. पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ ।

२८७. नगरको मुख्य पर्यटकीय केन्द्र तालपोखरा, धार्मिक पर्यटनमा गौशाला, पर्यावरणीय पर्यटनमा प्रस्तावित ज्यागदी बृहत पार्क तथा चिडीयाखाना लगायत अन्य पर्यटकीय केन्द्रको पहिचान गरी प्रर्वद्धन गरिनेछ।

२८८. प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा चिनिने वडा नं २, कोटडाँडामा भ्यूटावर तथा दुर्गामन्दिर पुनःनिर्माणका लागी निरन्तरता दिइनेछ ।

२८९. नगरमा रहेका धार्मिक एवं पर्यटकीय स्थलहरु सहित वातावरणीय तथा प्राकृतिक रुपमै सुन्दर रामघाट, राममन्दिर, खैरेनीवन, टापुधाम,केलादीधाम, राम चुलो, सिताकुण्ड, तालपोखरा, सिद्धबाबा थान, सिद्धथान, गौशाला जस्ता पर्यटकीय तथा धार्मिक स्थलको स्तरोन्नती गरी आन्तरिक तथा वाह्य पर्यटकीयहरुलाई आकर्षित गर्ने गरी रा.न.पा. वडा नं ४ मा रहेको रानी गुफाको प्रचारप्रसार गरी त्यसको व्यवस्थापन गरिनेछ।

२९०. भगवान राम– सीताको क्रिडाभूमि रामपुर क्षेत्रलाई रामायण सर्किटमा आबद्ध गर्न आवश्यक प्रयास गर्दै राम कथासँग सम्बन्धित क्षेत्र, मठमन्दिर,कुण्ड, नदी, ताल तलैया जोड्ने गरी रामायण सर्किटको विकास गर्न अध्ययन गरिनेछ । शालीग्राम जलले सुशोभित काली गण्डकी नदीमा नीजि क्षेत्रको सहकार्यमा ऱ्याफ्टिङ प्रतियोगिता सञ्चालन गरिनेछ ।

२९१. यस आर्थिक वर्षमा होटल व्यवसायी, उद्योग वाणिज्य संघ र छिमेकी स्थानीय तहसँग समवन्य गरी दोस्रो पर्यटन महोत्सव सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

२९२. सम्बन्धित निकायसँग समवन्य गरि कालीगण्डकी नदीमा मौसमी व्यवसायिक मत्स्यपालन एंव ऱ्याफ्टिङ्ग सञ्चालन गर्न र शालीग्राम संग्रालयलाई स्तरोन्नती गर्दै वृहत पार्क बनाउन पहल गरिनेछ ।

२९३. कालीगण्डकी नदीको संरक्षण गर्न र नदीलाई डाईभर्सन गर्नबाट जोगाउन स्थानीय पालिकासँग समन्वय गरी प्रदेश र केन्द्र सम्म दबाब दिन आवश्यक बजेट व्यवस्था गरिनेछ।

२९४. दश अवतार बालन संरक्षण र प्रवर्धनको लागि संग्राहलय सहितको भवन निर्माणको लागि पहल गरिनेछ |

२९५. कालीगण्डकी तटमा पैदल मार्ग निर्माण गरिने कार्य अगाडी बढ्ने छ।

२९६. रामपुरको पहिचान दिने गरि उपयुक्त स्थानमा राम सिताको मूर्ति निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

### ग) उद्योग

२९७. औद्योगिक क्षेत्र र विशेष आर्थिक साथै घरेलु तथा साना उद्योग क्षेत्रहरुमा आवश्यक पूर्वाधार विकासको लागि लगानी बढाइनेछ।

२९८. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ।

२९९. स्थानीय वस्तुको उपभोग र उत्पादनलाई प्रोत्साहन गरौ भन्ने अभियान सञ्चालन गरी कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना गर्न पहल गरिनेछ।

३००. रामपुर नगरपालिका वडा नं ७ मा निर्माणाधिन औद्यागिक ग्रामलाई सम्पन्न गरी उद्योगहरु संचालनमा ल्याइनेछ।

३०१. १५ जना भन्दा बढीलाई रोजगार दिने गरी उद्योग वा व्यवसाय संचालन गर्ने उद्योगीलाई ३० लाख सम्मको व्याज अनुदान दिइनेछ।

३०२. १० करोड भन्दा बढी लगानी गर्ने रोजगारदातालाई ५०% विजुली महशुल छुट र २ वर्षसम्म स्थानीय कर छुटको व्यवस्था गरिनेछ।

३०३. PPP मोडेलमा केवल कार, पार्क, सडक,उद्यान,जस्ता क्षेत्रहरुलाई प्रर्वद्धन गरी पर्यटन उद्योगलाई बढावा दिईनेछ।

३०४. लगानी सम्मेलन गरी पर्याप्त लगानी भित्र्याउनपहल गर्ने,लगानी प्रवर्द्धनका लागि कर छुट तथा सहुलियतको व्यवस्था गर्ने तथा उद्योग तथा बाणिज्यमा एकद्वार प्रणालीको नीति अवलम्वन गरिनेछ।

३०५. रामपुर मार्ट र होल्डिङ कम्पनीको स्थापना गरिने छ ।

३०६. रामपुर नगरपालिकामा सञ्चालन गर्ने योजनाहरुको छनौट, सञ्चालन तथा वैदेशिक सहायता लगायतको खोजीका लागि विज्ञहरु संलग्न रहेको Expert Pool गठन गरिने छ ।

३०७. बेरोजगारहरुको तथ्याङ्क अभिलेख व्यवस्थापन गरी स्वरोजगार तथा सिपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

३०८. रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई कर छुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ ।

३०९. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा व्यवसाय, उद्योग कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

### घ) सहकारी तथा अन्य वित्तीय क्षेत्र

३१०. नगर स्थित सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

३११. सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सिप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ ।

३१२. प्रत्येक वडामा एउटा नमूना सहकारीको स्थापना र सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ । हरेक गाउँमा उद्यम सहकारी/कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।

३१३. सहकारीहरुको कार्य प्रकृति र क्षेत्र अनुसार क्रमशः मर्जरमा लैजाने नीति लिइनेछ।

३१४. विभिन्न खालमा सहकारी शिक्षा, सहकारी व्यवसाय प्रर्वद्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम सञ्चालन गरिने नीति अवलम्वन गरिने छ ।

३१५. सहकारी संस्थाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ ।

३१६. सहकारीले मासिकरुपमा सहकारी शाखामा विवरण बुझाउनुपर्ने व्यवस्थागरिनेछ।

३१७. नगरको नीति तथा कार्यक्रम अनुसारको योजना सहकारी तथा अन्य वित्तीय संस्थाहरुले प्राथामिकतामा राख्नुपर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

३१८. स्थानीय सहकारीहरुलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ ।

## ४. सुशासन, सार्वजनिक सेवा तथा संस्थागत विकास सम्बन्धी नीति

### क) श्रम तथा रोजगार

३१९. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गर्दै श्रमिकहरुको सिप र क्षमताको उपयोग गर्दै रोजगारीको खोजिमा रहेका व्यक्तिहरुलाई रोजगारीको प्राप्तिमा सहयोग गर्ने तथा सबै प्रकारका श्रम शोषण अन्त्य गरिनेछ।

३२०. सबै नगरवासीको जीवन सुरक्षित,मर्यादित तथा गुणस्तरीय बनाउनका लागी रोजगारीका अवसरहरु सिर्जना गरी कार्यान्वयन गरिनेछ।

३२१. देशभित्र अनौपचारीक रोजगारीको हिस्सा करिब ८५ प्रतिशत रहेको स्थिति तथा वर्तमान विश्वव्यापी महामारीको अवस्थामा औपचारीक क्षेत्रको रोजगारीमा रहेका श्रमीकलाई समेत प्रत्यक्ष मर्का पारेको विषम परिस्थतिमा आर्थिक पुर्नउत्थान गर्न उर्जाशील श्रमशक्तिको लागी उद्यम व्यवसाय वा सेवा क्षेत्रमा रोजगार वा स्वरोजगारका लागि विभिन्न उत्पादनमूलक तालिममा जोड दिइनेछ ।

३२२. युवा स्वरोजगार कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ ।

३२३. विदेशबाट काम सिकि आएका र कोरोना भाईरस (कोभिड-१९) को कारणले नेपाल फर्किएका युवाहरुलाई कृषि तथा उत्पादन मूलक क्षेत्रमा काम लगाउन प्रोत्साहन गरिनेछ।

३२४. रोजगार सेवा केन्द्रलाई स्थानीय, प्रादेशिक, राष्टिय तथा वैदेशिक क्षेत्रका मागमा आधारित जनशक्ति तयार गर्न सहकार्य गरिने छ।

३२५. न्युनतम रोजगारीको प्रत्याभुति गर्ने गरि प्रधानमन्त्री रोजगार कार्यक्रम सँगै पालिकाका विकास खर्चलाई समेत रोजगारी सिर्जनासंग आवद्द गरिनेछ

३२६. वेरोजगारको सिप क्षमताको आधारमा तथ्यांक संकलन गरि व्यवसायिक सिप विकास तालिम कार्यक्रमलाई श्रम वजारको आवश्यकता अनुरुप वनाइनेछ ।

३२७. विशेष संभावना भएका कृषि, पशुपंक्षि तथा पर्यटन जस्ता क्षेत्रको रोजगारी वृद्धि गर्न विकसित क्षेत्रको अनुभव साटासाट गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३२८. वैदेशिक रोजगारीमा जानेहरुको पुर्व अभिलेख राखि आवश्यक तालिमको व्यवस्था र वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाइनेछ । वैदेशिक सहायता प्राप्तीको लागि पालिकावाटै उपलब्ध हुने व्यवस्थाका लागि सहजिकरण गरिनेछ।

३२९. वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई सिप र अनुभवका आधारमा व्यवसाय सञ्चालन वा रोजगारको अवसर छनौटमा विभिन्न कार्यक्रममा प्राथमिकता र महत्व दिइनेछ ।

३३०. रोजगारदाताहरुसँग समन्वय गरि मागका आधारमा दक्ष जनशक्ति तयार गर्न तालिम प्रदायक संघ संस्थाहरु संग आवश्यक समन्वय गरिनेछ ।

३३१. रोजगार वैकको स्थापना गरि वेरोजगार वर्गिकरण र अभिलेखिकरणलाई व्यवस्थित गरिनेछ ।

३३२. रामपुर नगरपालिकामा युवा उद्दमशिलता विकास कोष स्थापना गरि उत्पादनशिल र रोजगारमुलक क्षेत्रमा लगानी गर्नेलाई घुम्तिकोषको रुपमा सहुलियत ऋण प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३३३. वेरोजगार तथा योजनामा सहभागि हुने श्रमिकहरुलाई अभिमुखिकरण र उत्प्रेरणामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

### ख) प्रशासकीय सुशासन

३३४. नगरपालिका तथा मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुणत्मकता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण,नागरिक अनुगमन, प्रगति समीक्षा, आन्तरिक लेखापरीक्षण, सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।साथै जनप्रतिनिधिहरुसँग सम्वाद कार्यक्रम सञ्चालनका लागि विशेष पहल गरिनेछ ।

३३५. त्रैमासिक रुपमा रामपुर नगर कार्यपालिकाको कार्यालयका शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा आवश्यकता अनुसार योजनाहरुको अनुगमन गर्ने तथा सोको

प्रतिवेदन तयार गरि कार्यपालिका समक्ष पेश गर्ने व्यवस्था मिलाइनेछ साथै नगरपालिकाको गतिविधि सम्बन्धमा मासिक रुपमा बुलेटिन प्रकाशन गरिनेछ ।

३३६. आगामी दुई वर्षमा सम्पूर्ण वडा कार्यालयहरुको वडा प्रोफाइल, आफ्नै वेभसाइट तयार गर्ने साथै नगरपालिका तथा वडाहरुबाट प्रदान गरिने सेवाहरु मोबाइल एप मार्फत इपेमेन्ट प्रणाली लागु गरि क्यू आर कोडसहितको सिफारिस प्रणाली परीक्षणका लागि आवश्यक पहल गरिनेछ ।

३३७. सम्पूर्ण वडा कार्यालयहरुको आफ्नै वडा भवन निर्माण, कम्पाउण्डिङ्ग गरिने साथै डिजिटल नागरिक वडा पत्र, टोल फ्रि नम्बर, एकिकृत सफ्टवेयर प्रणालीको सुरुवात, अधिकांश कार्य गर्ने व्यवस्था मिलाइनेछ साथै नगरकार्यपालिकाको कार्यालयमा ध्वनी सहितको नागरिक वडापत्र राख्नका लागि पहल गरिनेछ ।

३३८. जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । नवनिर्वाचित जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम, सिपमुलक तालिम, शैक्षिक अध्ययन भ्रमणको व्यवस्था गरिनेछ। कर्मचारीका सेवा, शर्त, सुविधाका लागि कार्यविधि बनाई कर्मचारी मनोवल उच्च बनाइनेछ ।

३३९. सेवा प्रवाहलाई जनमुखी र सूचना प्रविधिमैत्री बनाउन E-payment gateways, CC-Cameras installation, Fiber lease line internet connectivity, E-attendances system, DMS-Document Management System for paperless governance, Digital signature, Digital Municipal Profile जस्ता कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

३४०. आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गर्न Tax Mapping कार्यमा जोड दिइनेछ साथै राजश्व सुधार गर्नका लागि आवश्यक पहल गरिनेछ ।

३४१. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ । साथै कर्मचारीहरुमा "रहरले काम गरौं हासेर सेवा गरौं" भन्ने भावना विकास गरि जनताको सेवाभाव जागृत गराउने वातावरण तयार गरिनेछ ।

३४२. कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणाली (Website) को माध्यमबाट सुसूचित गरिनेछ । सबै वडा र नगरपालिका बीच छिटो छरितो माध्यमबाट सूचना प्रवाह

गर्ने व्यवस्था मिलाईनेछ। नगरपालिकालाई सूचना मैत्री नगरपालिका बनाइनेछ । अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गरिनेछ।

३४३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई नगरबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको एक मात्र मुलमन्त्र सुशासन हुनेछ ।

३४४. नगरपालिका भित्र काम गर्ने मजदुरहरको सूचिकृत गरी दुर्घटना विमा गरिनेछ। साथै पूर्वी पाल्पा मजदुर व्यवसाय समितिसँग समन्वय गरि श्रम गृह निर्माण गरिनेछ।

३४५. यस रामपुर नगरपालिका अन्तर्गत रहेका सवै वडा कार्यलयबाट पुर्ण रुपमा अनलाईन घटना दर्ता सञ्चालन गरिने छ ।

३४६. सामजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहिहरुलाई समयमै सुचित गरि सामजिक सुरक्षा भत्ता प्रदान गर्न पहल गरिने छ ।

## ग) मानव संसाधन विकास

३४७. नगरपालिकाको मातहातको करारमा रहेका कर्मचारीहरुलाई संचय कोषको व्यवस्था गरिनेछ।

३४८. भौगोलिक रुपले विकट तथा क्षेत्रफलका हिसावले ठूला वडामा सेवाग्राहीले सेवा लिन जाँदा घण्टौ समय लाग्ने हुँदा बेलाबेलामा कार्यालयले सम्पूर्ण सेवासहितको घुम्ति शिविर सञ्चालन गरिनेछ ।

३४९. उत्कष्ट काम गर्ने नगरपालिकाका कर्मचारी, करदाता, शिक्षक, उपभोक्ता समिति, जनप्रतिनिधी ,सञ्चारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ। साथै उचित र बस्तुनिष्ठ मुल्याङ्कनको आधारमा कार्यको प्रकृति हेरी कर्मचारीहरुलाई क्षमता विकास तालिम, पुरस्कार तथा दण्ड-सजायको समेत ब्यवस्था मिलाईनेछ ।

३५०. नगरक्षेत्रमा कार्यक्षेत्र बनाई कार्यरत सवै गैरसरकारी संस्थाहरुलाई नगरपालिकाको पर्व सहमति र समन्वयमा कार्य गर्ने वातावरण निर्माण गरिनेछ। वडा तहमा कार्यक्रम जाँदा सम्वन्धित वडासँगको समन्वयलाई दरिलो बनाईनेछ।

३५१. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई कार्य गर्दा नगरपालिकासँग साझेदारी गरेर मात्रै कार्य गर्ने नीति अख्तियारी गरिनेछ ।

३५२. युवा सूचना केन्द्रलाई स्थापना गरि नगरपालिकाबाट सञ्चालन गरिने क्रियाकलापहरुमा युवा सहभागिताको लागि विशेष पहल गरिनेछ ।

३५३. नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण सिर्जना गरि व्यवसाय सञ्चालन प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३५४. नगरपालिकाको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ लागु गरिनेछ । नगरपालिका प्रति नागरिकका गुनासा र उजुरी संकलन गरि तिनको यथासिघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र नगरपालिकाका कामकारवाही र गतिविधिबारे नागरिकलाई सुसूचित गर्न जनतासँग नगरपालिका कार्यक्रम संचालन गरिनेछ ।

३५५. "मेरो नगर, मेरो योगदान" भन्ने आदर्शलाई नगरवासीको चाहाना मुताविक अगाडी बढाइने नीति ल्याइनेछ साथै यस आर्थिक वर्षलाई कर सहभागिता वर्षको रुपमा अगाडी बढाई नगरपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

३५६. सेवा प्रवाहलाई अझ व्यवस्थित, छिटोछरितो र सेवाग्राही मैत्री बनाउन नगरको भूगोल, प्रकृती, स्रोत साधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचना प्रणाली (GIS), House Hold Surveyर तिनको Digitalized मार्फत सूचना प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

३५७. सामाजिक स्थितिमा सुधार ल्याउनका लागि सबै प्रकारका विभेद, भेदभावको निवारणका लागि समुदायको आवश्यकतामा आधारित समुदायको सशक्तिकरण, असल संस्कृतिको विकास र साझा सवालका विषयलाई मूलप्रवाहिकरण गर्दै शान्तिपूर्ण, बस्न लायक नगरको रुपमा विकास गरिनेछ ।

३५८. करको दर भन्दा दायरालाई प्राथमिकतामा राखी उद्योग वाणिज्य संघ र टोल विकास संस्थाको साझेदारीमा सबै पेशा व्यवासायीलाई कर तिर्न प्रोत्साहन गरिनेछ।

## ५. वातावरण तथा विपद् व्यवस्थापन समिति

### क. वन तथा वातावरण

३५९. आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी निर्माण सामाग्री तथा नदी कटान र वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नदीजन्य निर्माण सामाग्रीको सहज आपूर्ति हुने व्यवस्था मिलाईनेछ।

३६०. सफा र हरियाली नगरपालिका निर्माणका लागि सडक छेउ सडकाधिकार क्षेत्र भन्दा बाहिर सुन्दर प्रजातिको रुख लगाउने, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा

बाँसद्धारा तटवन्धन, पाटी पौवा, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।

३६१. घरको छत र वरण्डामा कौशि खेतीको शुरुवात गरी नगरलाई सफा र हरियो नगरको रुपमा विकास गरिनेछ ।

३६२. कालीगण्डकी नदी र निस्दी खोलामा आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिने छ।

३६३. वातावरण संरक्षणका लागि ईलाका वन कार्यालय, डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी कार्य अगाडि बढाईने छ ।

३६४. नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineeringको प्रविधि अवलम्बन गरिने छ ।

३६५. वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।

३६६. वन,चरनक्षेत्र, सिमसार र जैविक विविधता समेत सम्बोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ।

३६७. उझाड एवं खाली जग्गा,सामुदायिक वन तथा सरकारी जग्गामा उत्कृष्ट खालका विरुवा वृक्षारोपण गरी हरियाली रामपुर नगरको अवधारणालाई पूर्णता दिदै जडीबुटी उत्पादनमा सहयोग पुऱ्याउन पहल गरिनेछ ।

३६८. विभिन्न पार्कहरुमा फूलका विरुवाहरु रोप्ने कामलाई निरन्तरता दिईनेछ।

३६९. नगरपालिकालाई वातावरणमैत्री नगरपालिका निर्माण गर्नका लागि एक घर दुई रुख तथा एक घर दुई गमला अभियानलाई निरन्तरता दिईनेछ ।

३७०. वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको बिस्तारको लागि विषेश अभियान संचालन गरिनेछ।

३७१. बाँदरबाट हुने खेतीपाती बिनास रोकथामको लागी वन कार्यालय, सामुदायिक वन समिति साझेदारी कार्यक्रम संचालन गरिनेछ।

३७२. "सन्दुर र हरियाली रामपुर बनाउन बृहत बृक्षरोपण कार्यक्रम" लाई प्राथमिकता दिइनेछ।

## ख. जलाधार तथा जलवायु

३७३. जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईने छ।

३७४. नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

३७५. जलवायु परिवर्तनबाट पर्ने प्रभाव न्यूनीकरण गर्न र जलवायु अनुकूलित प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न जलवायुमैत्री नमुना कृषि कार्यक्रमको लागि अध्ययन अवलोकन गर्न व्यवस्था मिलाईनेछ।

## ग. सरसफाई /फोहोरमैला व्यवस्थापन

३७६. फोहर ब्यबस्थापनको लागि उचित स्थानको पहिचान गरी दीर्घकालीन रुपमा ब्यबस्थापन गर्ने।

३७७. नगरक्षेत्रभित्र उत्पादन हुने फोहरहरुलाई घरबाटनै बर्गिकरण गर्नका लागि आवश्यक व्यवस्था गरिने छ।

३७८. फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिनेछ। बजारको निश्चित दुरीमा शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

३७९. सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ।

३८०. घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टीट्यांकी निर्माणलाई अनिवार्य गरिनेछ।

३८१. फोहोरमैला विर्सजन प्रशोधन व्यवस्थापन रहने मुख्य केन्द्र तथा संकलन विन्दु तय गर्दा वातावरण विग्रन नदीने गरी साइट छनौट गरिनेछ ।

३८२. फोहोर उत्पादन कम गर्ने तथा पुर्नःप्रयोग गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३८३. Fecal-Sludge Management (FSM)लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गर्ने श्रोतको रुपमा उपभोग गरिने छ।

३८४. कालीगण्डकी नदीको सरसफाईमा विशेष ध्यान दिइने छ। नालाको पानी मिसाउदा सफा गरेर मात्र मिसाउने व्यवस्था गरिनेछ।

३८५. सेप्टिक टेंकबाट निक्लेको फोहरलाई आफ्नै जग्गामा जैविक मल बनाउन प्रोत्साहन गरिनेछ।

३८६. Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरबाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी बनाइने छ। Plastic, Block, Bitumen तथा अन्य रिसाइक्लीन विधि अपनाइनेछ।

३८७. नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईने छ ।

३८८. तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।

३८९. वडा भित्रको घना वस्तिहरुमा कुहिने र नकुहिने बस्तुहरुलाई छुट्याई राख्न डस्टविन/कन्टेनर वितरण गरिनेछ। संकलित फोहोरलाई नगरपालिकाको समन्वयमा

प्रशोधन केन्द्रमा पठाइनेछ। टोल टोलमा क्लब, आमा समूहहरुलाई चोक, गल्ली बाटोहरुमा दैनिक सरसफाई गर्न प्रेरित गरिनेछ। कुहिने बस्तुहरुबाट सन्चालन हुने बृहत बायो ग्याँस प्लान्ट सन्चालन गर्ने तर्फ सकरात्मक पहल गरिनेछ ।

३९०. "हाम्रो टोल, राम्रो र सफा टोल" भन्ने मूल मर्म बमोजिम आफ्नो टोलको सरसफाई एवं विकास सँग सम्बन्धित कार्यक्रम छनौट, सञ्चालन एवम व्यवस्थापन गर्दै आवश्यक सहयोग, सहजीकरण र अपनत्व सिर्जना गराउन टोल विकास संस्थालाई परिचालन गरिनेछ। सफल तथा उत्कृष्ट टोल विकास संस्थालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

३९१. **"रामपुर नगर ढल रहित शहर"** लाई मूर्तरुप दिन सोहिबमोजिम भवन निर्माण लगायत अन्य सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।

३९२. फोहोरको रुपमा फयाकिने प्लाष्टिक जन्य वस्तुहरुको प्रयोग गरि हरित मार्ग निर्माण गरिनेछ।

३९३. नहर, सडक तथा सार्वजनिक स्थानमा फोहोर फयाक्नेलाई जरिवाना गर्ने व्यवस्था लागू गरिनेछ।

३९४. दीर्घकालिन रुपमा फोहोरको प्रसोधन र पुर्नःप्रयोग गर्ने गरि निजि क्षेत्रसँग फोहोर व्यवस्थापन कार्यलाई अगाडि बढाईने छ।

३९५. फोहर ब्यबस्थापनको लागि उत्कृष्ट अभ्यास गरेका पालिकाहरुको अध्यन अवलोकन गरी कार्य गर्नका लागि बजेटको ब्यबस्थापन गर्ने। साथै यसै कार्यसँग सम्बन्धित विभिन्न संघ

## घ. प्रकोप नियन्त्रण र विपद व्यवस्थापन

३९६. विपद र महामारीको पूर्व तयारी प्रति कार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक वर्ष टोली पुर्नगठन र क्रियाशिल गराइने छ।

३९७. विपदको अवस्थामा तत्काल उद्धार लागि आवश्यक सामाग्री तथा सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ।

३९८. विपद व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ। नगरभित्र हुने भूस्खलन, बाढी पहिरो, आगलागी, भूकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी नेपाल, नेपाल प्रहरी, र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ ।

३९९. विपद व्यवस्थापनका लागि अस्थायी Shelterको व्यवस्था गरिने नीति अवलम्वन गरिने छ।

४००. विपद व्यवस्थापन कार्यमा उद्धारको लागि सहजताको लागि प्रत्येक वडामा MI17 सम्मको हेलिकोप्टर बस्न सक्ने हेलिप्याडको निर्माण गरिने छ।

४०१. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक नीजि र गैरसरकारी संस्थाहरु संग समन्वय गरिने छ ।

४०२. महामारी जस्ता सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।

४०३. विपद् जोखिमयुक्त नदीहरुमा पूर्व सूचना प्राप्त गर्न आधुनिक पूर्वसूचना प्रणाली जडान गर्न पहल गरिनेछ। विपद् व्यवस्थापनको सन्दर्भमा चटयाङ प्रतिरोधी अभियान, बर्षा, वायू तथा बाढीमापन कार्य एवम् पूर्वसूचना प्रणाली स्थापना, हेलिप्याड निर्माण जस्ता कार्यक्रम संचालन गर्ने कार्यलाई प्राथामिकता दिईनेछ।

४०४. वासस्थानको लागि जोखिम स्थान जस्तै पहिरो जाने, बाढी आउने जस्ता क्षेत्रहरुलाई जोखिम क्षेत्र घोषणा गरिएको होर्डिङ्ग बोर्ड लगाईनेछ।

४०५. रामपुर नगरभित्रका सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण बढिरहेकोले यस्तो जग्गा विपद ब्यबस्थापनलाई आवश्यक पर्ने हुँदा जोगाउनको लागि उचित कदम चालिने छ।

## ६. विद्येयक समिति

४०६. आगामी आर्थिक वर्ष देखि लागू हुने गरी रामपुर नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनका लागि नगरस्तरीय मर्मत संभार समिति संचालन कार्यविधि, नगरस्तरीय गौरवका सांस्कृतिक सम्पदा तथा संघसंस्था संचालन कार्यविधि, नगरस्तरीय खेलकुद विकास समिति संचालन कार्यविधि, रामपुर नगरपालिकाको सचिवालय संचालन तथा गठन कार्यविधि लगायत आवश्यक पर्ने अन्य ऐन, नियमावली तथा कार्यविधि निर्माण गरिनेछ।

नगर उपप्रमुख तथा सभाका सदस्य ज्यूहरु

१. नगरपालिकाको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका सबै क्षेत्रको विकास गरी सामाजिक न्याय, समविकास, समन्यायिक, आर्थिक विकासबाट नगरपालिकाले लिएको ध्येय स्वच्छ, सभ्य, समृद्ध रामपुरवासी आकांक्षा पूरा गर्न नगरपालिकाको यो नीति तथा कार्यक्रम सहायकसिद्ध हुने विश्वास लिएको छु ।
२. उपरोक्त नीति तथा कार्यक्रम माथि यस नगरसभामा उपस्थित हुनु भएका सदस्यहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु ।

३. नगरको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउन हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय लगायत विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

४. यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुयाउनु हुने उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक एवं प्रतिनिधि, वडाअध्यक्ष, कार्यपालिका सदस्यहरु, वडासदस्यहरु, विषयगत शाखाका प्रमुख, साझेदार संस्था, गैसस, सञ्चारकर्मी, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत विभिन्न माध्यमबाट सुझाव उपलब्ध गराउन हुने शुभेच्छुक मित्रहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !!!**

**रमण बहादुर थापा**
**नगर प्रमुख**